# अब के गर्ने ?

## राष्ट्रिय मुक्ति आन्दोलनको जल्दोबल्दो सवाल

राजेन्द्र महतो
बुद्धछिरिङ मोक्तान

# अब के गर्ने ?

## राष्ट्रिय मुक्ति आन्दोलनको जल्दोबल्दो सवाल

*राजेन्द्र महतो*
*बुद्धछिरिङ मोक्तान*

# १. पृष्ठभूमिः
## जातिय मतान्धता तथा विवेचनात्मक स्वतन्त्रता ।

(क)

नेपाल राज्यको आधुनिकिकरण सन् १९५१ पश्चात शुरु भयो । धर्मशासित सामन्तवादी शासनको विकल्पमा मुलतः पश्चिमी उदार लोकतान्त्रिक व्यवस्थाको आधारमा आधुनिक राज्य स्थापनाको लागि तात्कालिन समयका प्रमुख जनविद्रोहहरू भएको थियो । जनसंघर्षहरू विभिन्न राजनीतिक दलको नेतृत्वमा भएको थियो । राज्यको लोकतान्त्रिकीकरण प्रकृयाको शुरूवात कालमा नेपाली काँग्रेस पार्टी प्रमुख नेतृत्वदायी शक्ति थियो । काँग्रेसले मुलतः ईङ्लिश-स्कटिस ज्ञानोदय वा उद्‌बोधन ( एन्लाइट्‌टेन्टमेन्ट) जसले सन् १७७६-७७ को संयुक्त राज्य (अमेरिका) स्वतन्त्रता घोषणा र सन् १७८९-९० को फ्रान्सेली राज्यक्रान्तिको जग निर्माण गरायो त्यसैको मुल मान्यता स्वतन्त्रता, समानता तथा भ्रातृत्वको जगमा स्थापित व्यक्तिगत “स्वतन्त्रता तथा सार्वभौमिकता” र त्यसैको आधारमा मानव अधिकारको स्थापना तथा संरक्षण, वालिग मताधिकारको आधारमा आवधिक निर्वाचन मार्फत व्यवस्थापिका संसदको स्थापना र संसद मार्फत राज्यको कार्यपालिका निर्माण तथा स्वतन्त्र न्यायपालिकाको व्यवस्था कायम गर्दै आधुनिक राज्य निर्माण योजना अगाडि बढाइयो । यस्तो आधुनिक राज्य प्रजा- लोक-जन-तन्त्रको मुल मान्यतामा संचालित हुने भयो जहाँ देव (ईश्वर) सार्वभौम रहने, शासक (राजा) देवतुल्य र शासित जनता रैती वा प्रजा (सव्जेक्ट अफ किङ/मोनर्क) रहने राज्यको दैवी उत्पत्ति सिद्धान्तमा आधारित सामन्तवादी मान्यताको सट्टा जनता (पिपुल) सार्वभौम रहने, जनतात्व (पिपुलहुड) तथा राष्ट्रत्व (नेशनहुड)को जगमा राज्यत्व (स्टेटहुड) निर्माण हुने र जनता, प्रजा वा रैतीवाट नागरिक हुने मान्यता स्थापित भयो । यी मान्यताहरुले आधुनिक राज्यको निम्नानुसार तीन प्रमुख दायित्व ठहर गऱ्योः

- नागरिकको सुरक्षा,
- नागरिकको अन्तर्राष्ट्रिय पहिचानको प्रत्याभूति र
- राज्यको सेवा सुविधा वितरणमा समानता ।

(ख)

तर, नेपाल लगाएत विश्वका उत्पीडित जाति-वर्गका जनताहरूको सवालमा आधुनिक राज्यहरूको निमित्त उपरोक्त दायित्वहरू पुरा गर्ने कुरा फगत औपचारिक घोषणा वा नीतिको रुपमै सिमित रह्यो । नेपाल राज्यको सन्दर्भमा सारमा राज्यको नीति निर्माणको आधार हालपर्यान्त वैदिक हिन्दु सनातन वर्णाश्रम धर्ममा आधारित सामन्ती विधानकै वरिपरि घुम्ने गरेको छ जस कारण राज्यसत्तामाथि मुख्यतः पहाडी, हिन्दु उच्च जात(वर्ण), तागाधारी, पुरूष बाहुन-क्षेत्रिकै कव्जा कायम रह्यो । लोकतान्त्रिक व्यवस्थाले पनि राज्यको उपरोक्त शक्ति संरचना बदल्न असमर्थ रह्यो । विश्वभरि नै एकातर्फ, जतिसुकै कल्याणकारी राज्यको वकालत भएता पनि र अर्को तर्फ लोकतन्त्रको प्रारम्भिक अवधारणा “बहुमतिय लोकतन्त्र” अर्थात बहुमतको शासन अल्पमतको प्रतिपक्ष हुने स्वरूपबाट परिवर्तन हुँदै समावेसी, सहभागिता र प्रतिनिधित्वसम्मको अवधारणा अभ्यासमा आईसक्दा समेत शक्ति संरचना तथा राज्य चरित्रमा तात्विक परिवर्तन हुन नसकेको तितो यथार्थ छ । यसो हुनुको प्रमुख कारण विश्वभरी नै आधुनिक राज्यहरु सामन्तवादी युगको राजनीतिक दवदवा कै जगमा निर्माण भएको र धर्म-सापेक्ष सामन्तवाद विरुद्धको धर्म-निरपेक्ष राजनीति (सेकुलर पोलिटिक्स) जसको बाहक शक्ति राजनीतिक दलहरू मुलतः उदार पूँजीवाद तथा मार्क्सवादको लौकिक विचार (सेकुलर आइडिया)मा स्थापना गरिता पनि ती राजनीतिक दलहरुको अगुवा नवसम्भ्रान्तहरुले सामन्तवादी युगको शक्ति राजनीति (वायो-पोलिटिक)लाई परिवर्तन गर्न सकेनन् वा चाहेनन् ।

(ग)

यहि वैश्वविक परिवर्तन धारको सापेक्षतामा नेपालमा धर्म विधानको आधारमा निर्माण भएको पहाडी, हिन्दू उच्च जात(वर्ण) पितृसत्तात्मक सामन्ती राज्य विरुद्ध मुख्यतः नेपाली काँग्रेस तथा कम्युनिष्ट पार्टीहरुले राजनैतिक आन्दोलनहरु गरे । यद्दपी नेपाली राजनैतिक इतिहासको विकास क्रममा नेपाली काँग्रेसले पटकपटक राजनीतिक विद्रोह र आन्दोलनहरुको नेतृत्व गरि आएता पनि सामन्ती गोर्खा साम्राज्य विस्तारको बखत आफ्नो सार्वभौमिकता गुमाउन पुगेका नेपालका राज्यविहिन ऐतिहासिक राष्ट्रियताहरुको मुक्तिको सवाललाई लिएर यो पार्टीको धारणा मुख्यतः अनुदार दक्षिणपन्थि धार नै रह्यो । यस्तो

हुनुमा दार्शनिक रुपमा काँग्रेसले आफुलाई बुर्जुवा लोकतान्त्रिक कित्तामा उभ्याउनु हो जहाँ विश्वका अन्य बुर्जुवा लोकतान्त्रिक शक्तिले जसरी नै नेपाली कांग्रेसले पनि उदारवादको दार्शनिक आवरण भित्र राज्य सभ्रान्तहरुको स्वार्थ रक्षा गर्ने नीति लियो ।

परिणामतः नेपाली कम्युनिष्टहरुले उत्पिडित जाति-वर्गका जनताको राष्ट्रिय मुक्तिको उत्कट आकांक्षालाई बुर्जुवा लोकतान्त्रिक व्यवस्था विरुद्धको समाजवादी क्रान्तिको निमित्त कार्यनीतिक उपयोग गर्न सफल हुँदै आयो । यसरी हेर्दा आधुनिक नेपाली राजनीतिको करिव पांच दशकसम्म काँग्रेसको उदार-पुँजिवाद र कम्युनिष्टको मार्क्सवाद, लेनिनवाद र माओवाद विचार बिच प्रतिश्पर्धा हुँदै आयो । यस क्रममा हिमाल-पहाड-मधेशका उत्पिडित राज्यविहिन राष्ट्रियताका जनताहरुको आकर्षणको केन्द्र नेपाली कम्युनिष्ट विचार र शक्ति नै रहे जुन विचार समाजको आधार संरचनामा जाति-वर्ग संघर्षको उत्प्रेरक रह्यो । तर, कम्युनिष्टहरुको उपयोगवादी कार्यनीति राज्यविहिन राष्ट्रहरुलाई औपनिवेसिक राज्यको पञ्जावाट मुक्त गर्ने सवालमा झन खतरनाक ठहर भयो किनकी कम्युनिष्टहरुले विश्वको अन्यत्र भए जस्तै सर्वहारा वर्ग अधिनायकत्वको आधारमा राज्यविहिन राष्ट्रहरुमाथि नयाँ खाले औपनिवेसिकता लाद्ने काम गरे ।

(घ)

परिणामतः लोकतन्त्रमा राष्ट्रिय पहिचान स्थापित गर्ने सवालमा कम्युनिष्ट तथा कांग्रेस नामधारी राज्य सभ्रान्तहरुको एउटै निति रह्यो जहाँ उनीहरूले राज्यको बहुलराष्ट्रिय चरित्रलाई पुरै इन्कार गर्दै आए । यसको ज्वलन्त प्रमाण नै कथित नयाँ संविधान भयो जुन संविधानले रूपमा संघिय लोकतान्त्रिक गणतन्त्र भनिएता पनि सारमा राज्यको औपनिवेशिक चरित्रलाई थप मजबुत पाऱ्यो र परम्परागत पञ्चायती महेन्द्रपथिय राष्ट्र-राज्य अवधारणा भित्रै नेपाल राज्यलाई यहाँका एकल जात(वर्ण)को एकाधिकार स्थापित गर्ने औजारको रुपमा उपयोग गर्ने भित्री योजनालाई सफल बनायो जसका निमित्त उनीहरूले जनयुद्ध, जनआन्दोलन तथा मधेश विद्रोह लगाएत अन्य राष्ट्रिय विद्रोहहरू मार्फत अभिव्यक्त भएका वास्तविक जनआकंक्षालाई षड्यन्त्र पुर्वक कुल्चने काम गऱ्यो । वास्तवमा हालपर्यान्त कथित लोकतान्त्रिक शक्ति भनिएको कांग्रेस र

प्रगतिशिल भनिएको कम्युनिष्टहरुको नेतृत्वमा भएको जनसंघर्ष र आन्दोलनहरुले राज्यको औपनिवेसिक चरित्रमा तात्विक रुपान्तरण गर्न सकेनन् किनकी राज्य सभ्रान्तहरुको उत्पत्ति मुख्य गरि पहाडि हिन्दु ब्राह्मण पुरुषहरुबाट भयो, जसको धार्मिक मान्यता भित्र ब्राह्मण, गाई तथा स्त्री हत्या वर्जित गरेको थियो । यस सम्बन्धमा अध्येता आन्द्रे हफरले मुलुकी ऐन सन् १८५४ को अध्ययन पश्चात "वर्ण श्रेणी विभाजन र नेपालमा राज्य" शिर्षकको पुस्तकमा पशुपति र ग्युहेश्वरीको दिव्यभूमी नेपाल कलियुगको एक मात्र हिन्दु अधिराज्य भएको उल्लेख गरिएको छ । नेपाली राज्य सभ्रान्तहरुले असली हिन्दुस्तानको उपरोक्त अवधारणा प्रतिको आफ्नो बफादारिता परिवर्तन गर्न असमर्थ तथा अनिच्छुक हुँदा संघिय लोकतान्त्रिक गणतन्त्र तथा धर्मनिरपेक्ष राज्य भनिएता पनि राज्यको सारपक्ष हिजोका असली हिन्दुस्थानको नवसंस्करण बन्न पुग्यो । यो कुरालाई पुष्टी गर्दै न्यु स्कुल विश्वविद्यालयका प्रा. अशोक गुरुङ भन्नु हुन्छ ।

"मलाई लाग्छ, नेपालले एउटा ऐतिहासिक अवसर गुमाएको छ । मलाई त कता कता यो संविधानले सन् १८५४ को मुलुकी ऐनलाई पछ्याए जस्तो लाग्छ । हामीलाई नयाँ संविधानमार्फत नेपाली समाजलाई साँच्चै गम्भिर ढंगले रुपान्तरण गर्न सकिन्थ्यौं, तर त्यो काम हामीले गरेनौँ । यो संविधानका थुप्रै विरोधाभास होलान्, तर हामीले धर्मनिरपेक्षतालाई सनातन धर्मसंग जोडेर जसरी परिभाषित गऱ्यौं, त्यसले जंगबहादुरको मुलुकी ऐनको झझल्को दिन्छ । मुलुकी ऐनसंग समान देखिने संविधानको प्रावधान मलाई मान्य छैन । नेपाली नेताहरुले त्यहाँनेर गम्भिर गल्ती गरेका छन्, धर्मनिरपेक्षता शब्दको अपमान गरेका छन्, त्यसलाई उनिहरुले सच्याउनैपर्छ ।" (कान्तिपुर भाद्र ५, २०७३) ।

यो संविधानको सबै भन्दा स्वागत योग्य पक्ष गणतन्त्र हो तर संघियता र धर्मनिरपेक्षतामा यसले जति व्यवस्था गरेको छ त्यो विभिन्न आन्दोलनहरूमा अभिव्यक्त जनाकांक्षाको विपरित आएको छ ।

(ङ)

वर्तमानको यस यथार्थलाई कम्युनिष्ट तथा काँग्रेस नामधारी शक्ति सम्भ्रान्तहरू सुन्न र बुझ्न चहाँदैनन । बरू उनिहरुको दावी रहेको छ की नेपालको नयाँ

संविधानले राज्यलाई संघिय लोकतान्त्रिक गणतन्त्रात्मक, धर्मनिरपेक्षता सहितको समाजवाद उन्मुख लोकतान्त्रिक व्यवस्थालाई वैधता दिएको छ, यसर्थ लोकतान्त्रिक क्रान्तिको कार्यभार पुरा भएको तथा अवको कार्यभार समाजवादी क्रान्ति सम्पन्न गर्नु मात्र रह्यो । तर, सारमा यो वुर्जुवा लोकतान्त्रिक गणतन्त्र नै हो जसको राज्य सिद्धान्त (नव)उदारवाद हो र यहाँका राज्यविहिन राष्ट्रहरुको सवालमा यो गणतन्त्र औपनिवेशिक नै छ । यसले के प्रमाणित गर्दछ भने विश्वमा अन्यत्र भए जस्तै नेपाल पनि उत्तर-मार्क्सवाद कालमा छ परिणामतः कम्युनिष्टहरू छद्मभेषी नवउदारवादी भएका छन । यसर्थ, दुई तिहाई वहुमतको भनिएको केपी ओली नेत्रित्वको कम्युनिष्ट सरकारले कुनै पनि ठोस कार्य गर्न नसक्नुको पछाडि एउटा ठुलो सैद्धान्तिक अस्पष्टता रहेको छ । किनकी सिद्धान्ततः नेकपा र सरकार कुनै पनि हिसाबले कम्युनिष्ट रहेन र छद्मभेषी कम्युनिष्टको रुपमा उनिहरुले उदारवादी लोकतन्त्रका आधारभूत मान्यताहरुलाई पनि स्विकार गर्न सकेको छैन ।

उनिहरु माझ पुरानै सैद्धान्तिक बिषयहरुमा अस्पष्टता मात्र रहेन अझ डा. बाबुराम भट्टराईले मार्च ६, २०१९ मा संसदको आफ्नो सम्वोधनमा भने जस्तै हाल विश्वभर भई रहेको नयाँ खाले पूनर्जागरण तथा ज्ञानोदय (उद्बोधन)ले ल्याएको नयाँ ज्ञानमिमांसबारे कुनै भेउ नै पाएको छैन । यसर्थ उनिहरुले परिवर्तनकारी प्रगतिशिल नयाँ शक्तीको अनुपस्थितीमा विभिन्न छलकपटबाट समाजको उपरी-संरचनामा क्षणिक कब्जा जमाउन त सफल भएको जस्तो देखिन्छ तर समाजको आधार- संरचनामा आएको महान वस्तुगत छलाङ्लाई बुझ्न सकेको छैन । परिणामतः उनिहरु आफै दिग्भ्रमित जमात भएको छ जसले अज्ञानताबश लोकतन्त्र मात्र होईन समग्र जीवन-जगतको कुव्याख्या गर्दैछ । अहिलेको कम्युनिष्ट र कांग्रेस वैचारिक- सैद्धान्तिक रूपमा टाटपल्टेका सिद्धान्तहीन दलाल पूँजिवादी क्रोनीहरुको मतियार र मालिक भएका छन् ।

(च)

तर, आधुनिक लोकतन्त्रमा आएको यो चुनौती कुनै एक देशिय मात्र होइन वैश्विक रहेको छ । अमेरिकादेखी यूरोप हुँदै नेपाल, भारतसम्म पनि एउटा कुरुप किसिमको दक्षिणपन्थ नजानिदो ढंगले उदाउँदो छ । विश्व समाज एउटा भीषण संक्रमणको चरणबाट गुज्रिरहेको छ जहाँ हिजो आधुनिक राज्यको

प्रायोजनमा स्थापित (सामाजिक-साँस्कृतिक, आर्थिक तथा राजनीतिक) सिद्धान्त, मान्यता र संस्थाहरु प्रभावहिन हुँदैछ र त्यसले राज्यत्वको सारलाई परम्परागत राष्ट्र- राज्य मोडेलबाट राष्ट्रिय जनता पार्टी (राजपा) नेपालको अध्यक्ष मा. राजेन्द्र महतोले दावी गर्नु भए जस्तै बहुलराष्ट्र-राज्य मोडेल तर्फ रुपान्तरणको निमित्त ठुलो धक्का दिई रहेको छ । यसबेला आधुनिक राष्ट्र-राज्य प्रणाली भित्र राज्यविहिन हुन पुगेका राष्ट्रहरुले राज्यलाई चुनौती दिनेक्रम तिब्र भएको छ जसकारण राष्ट्र-राज्य प्रणालीको ईतिहासमा प्रथम चोटि राज्यधारी सम्भ्रान्तहरू पुरै भयवित भएका छन र उनिहरु आफ्नो नियन्त्रणमा रहेको राज्यशक्ती (धन, बल) को दुरुपयोग गर्दै आफ्नो मक्किसकेका साम्राज्य जोगाउन उद्दत छन । डनल्ड ट्रमदेखी केपी ओलीसम्मको त्यस्तो भयवित शासकहरु आफुलाई बाहिरबाट बलियो देखाउने नाटक गर्दैछ । नेपालमा नयाँ संविधान सन् २०१५ जारी पश्चात राजनैतिक विश्लेषक तथा समाजवादी चिन्तक प्रदिप गिरीले भने जस्तै कम्युनिष्ट तथा काँग्रेस पार्टीका नवसभ्रान्तहरु आफुलाई शक्तिशाली शासक (पृथ्वीनारायण वा महेन्द्र शाह)को उत्तराधिकारी दावी गर्दैछ ।[i]

(छ)

अर्को तर्फ हाल विश्वभरि नै उदार लोकतान्त्रिक व्यवस्था अमान्य हुँदै आएको छ । सन् ९० को दशकमा जब सितयुद्धको अन्त्य भयो त्यसले करिब ४५ बर्षसम्म प्रभावी रहेको राजनीतिक प्याराडाईम पनि अन्त्य गरायो । तत्पश्चात विश्व कुन किसिमको प्याराडाईममा जाँदैछ भन्ने बिषयमा राजनीतिशास्त्रीहरु विच ठुलो बहस भयो । बहसको विचबाट सन् १९८९ मा प्रा. फ्रान्सिस फुकोयामाले आफ्नो बहुचर्चित निवन्ध “एण्ड अफ द हिष्ट्री” मार्फत दावी गऱ्यो कि, अब विश्वमा उदार लोक्तान्त्रिक पूँजिवादको विजय भयो र यो विजयसँगै समाजवादी विचार पक्षधरको हार भएको छ । यस पश्चात अब विश्वमा नै उदार पूँजिवादलाई चुनौती दिने अर्को सशक्त विचार आउन नसक्ने हुँदा मानव ईतिहासको वैचारिक युद्ध समाप्त भएको छ जुन एक किसिमले ईतिहासको अन्त्य हो । यसको अर्थ हुन्छ उदार पूँजिवादी व्यवस्था विश्वव्यापिकरण हुनेछ र त्यो नै अबको विश्वको एक मात्र राजनीतिक प्याराडाईम हुनेछ । तर सन् १९९३ मा अर्को राजनीतिशास्त्री प्रा. श्यामुयल पि. हन्टिब्टनको “द क्ल्याश अफ सिभिलाइजेसन्स” नामक एक सनसनीपूर्ण निबन्ध प्रकाशित भयो जहाँ उनी दावी गर्दछ कि उत्तर सितयुद्ध (काल)

सभ्यतात्मक द्वन्द्वबाट प्रख्यात हुनेछ । अहिलेको नयाँ विश्वमा स्थानिय राजनीति जातिय राजनिति हुनेछ । विश्व राजनिति सभ्यताहरूको राजनिति हुनछे । महाशक्तिहरू विचको दुश्मनि सभ्यताहरू विचको द्वन्द्वले प्रतिष्ठापित गर्नेछ ।[ii]

(ज)

“अर्को स्वरुपको द्वन्द्व” शिर्षकमा हन्टिङटन थप लेख्छन्ः

विश्व राजनीति नयाँ चरणमा प्रवेश गर्दैछ, र विद्वानहरुले त्यो कस्तो हुनेछ भन्ने दृष्टिकोण छर्न संकोच नमानि रहेको अवस्था छ, (उदाहरणको निमित्त) अन्य मध्य, ईतिहासको अन्त्य, राष्ट्र- राज्यहरु विचको परम्परागत दुस्मनीको पुनारावृत्ती, र ग्लोबलिज्म र ट्रैबलिज्मको परस्पर विरोधी खिचातानीबाट राष्ट्र-राज्यहरुको अधोगती । यि प्रत्येक दृष्टिकोणहरुले आउने वास्तविक्तको (केहि) पहलूहरुलाई पक्रन्छ । तथापी यि सबैले आउने बर्षहरुमा विश्व राजनीति कस्तो हुनेछ भन्ने अत्यन्त महत्वपूर्ण, वास्तवमा केन्द्रिय पहलूहरु भेट्टाउँदैन ।

यो मेरो अनुमान हो कि, यो नयाँ विश्वमा द्वन्द्वको आधारभुत स्रोत मुख्यतः वैचारिक वा मुख्यतः आर्थिक हुने छैन । मानवमात्र विचको ठुलो विभाजनहरु तथा द्वन्द्वको प्रभावी स्रोत साँस्कृतिक हुनेछ । विश्व मामिलाहरुमा शक्तिशाली कर्ता राष्ट्र-राज्यहरु नै रहने छ, तर भूराजनितीको प्रधान बन्बहरु राष्ट्रहरु तथा फरक सभ्यताहरुको समुहहरु विच देखा पर्नेछ । सभ्यताहरुको बन्बले विश्व राजनीति हावी हुनेछ । सभ्यताहरु विचको दोषी रेखाहरुले भविष्यको युद्ध रेखा कोर्ने छ (ई.सं. १९९३) ।[iii]

यस्तो परिवर्तनले राज्यको आधिपत्यलाई कमजोर बनायो । परिणामतः राष्ट्र-राज्यहरुले सार्वभौमिकताको प्रयोगको संज्ञामा राज्यविहिन राष्ट्रहरुको निर्माण गऱ्यो त्यो विस्तारै परिवर्तन हुँदै गयो र राज्यले आफुलाई दिगो राख्न समायोजन क्षमता बढाउनु वाध्य हुँदै गयो अन्यथा राष्ट्र-राज्य आफै संकट उन्मुख हुने संभावना बन्यो । यो अवस्थालाई प्रा. माईकल किटिबले Post-Soverign Order अर्थात उत्तरसार्वभौम व्यवस्था भनेको छ, जहाँ उनी दावी

गर्दछ कि, यस बेला राज्यविहिन राष्ट्रहरुले राष्ट्र-राज्यलाई आन्तरिक रुपमा लोक्तन्त्रको नयाँ विकल्पको निमित्त दवाव बढाएको छ र उनको विचारमा त्यो "बहुलराष्ट्रिय लोकतन्त्र" हो । बहुलराष्ट्रिय लोकतन्त्र अभ्यासको निमित्त बहुलराष्ट्रिय राज्य हुनु अनिवार्य हुन्छ । उनको विचारमा "बहुलराष्ट्रिय राज्य बहुलराष्ट्रियता अवधारणा आफ्नै एक विस्तार हो, (जुन) एकल, एकात्मक जनताहरु भन्दा बहुल राजनीतिक समुदायहरुसँग सम्वन्धित हुन्छ ।"

(झ)

यस्तो र्‍याडिकल सिफ्ट हुनुको कार्य-कारण सुक्ष्म अवलोलन गर्दा हामी के पाउँदछौं भने पूँजिवादले उदारवादको बर्को भित्र जतिसुकै मानव स्वतन्त्रताको वकालत गर्दै सर्वोत्कृष्ट लोक्तान्त्रिक व्यवस्था भएको दावी गरेको भएता पनि यो वुर्जुवा लोकतन्त्र भन्दामाथि उठ्नै नसेकेको यथार्थ हो, जहाँ सम्भ्रान्तहरुलाई मात्र त्यो स्वतन्त्रता प्राप्त भयो । त्यसरी नै विकल्पमा समाजवादले जति सुकै समानताको वकालत गरे पनि यो लोक्तान्त्रिक हुनै सकेन र सर्वहारा वर्ग अधिनायकत्वको सैद्धान्तिक जगमा मिखाएल बाकुनिन(ई.सं.१८१४-१८७६)ले आरोप लगाए जस्तै "लाल नोकरशाही अधिनायकत्व" सावित भयो । परिणामतः सन् १९९० को दशकदेखी यि दुई आधुनिक युगको महान ज्ञान-प्रणाली दावी गरिएका विचारधाराहरु जसको जगमा उभिएर विश्वभरिका ज्ञान उत्पादनको कारखानाहरु (विद्यालय तथा विश्वविद्यालय)ले अनगिन्ती आधुनिक ज्ञान उत्पादन गर्‍यो, आजका विश्व समाजहरु ति महान वैज्ञानिक मानव ज्ञान दावी गरिएका बिषयहरु उपर खासै चासो राख्दैन । किनकी यूरोपेली समाजको सापेक्षतामा तार्किक चिन्तन प्रणालीको आधारमा १५-१६औं शताब्दीको पूनर्जागरण (रिनेसा)बाट शुरुवात भएको विशाल आधुनिकिकरण योजना अन्ततः आफै एक औपनिवेशिक योजना सावित भयो जसले अन्यको ज्ञानसंहारलाई आफ्नो औपनिवेशिक योजना विस्तारको मुख्य हतियार बनायो । यस सम्वन्धमा बेलायतको ड्यूक विश्वविध्यालयको साँस्कृतिक मानवशास्त्रको प्रा.वाल्टर डि. मिग्नोलोले "द डार्कर साईड अफ रेनेसा (पूनर्जागरणको अँध्यारो पक्ष)" र "द डार्कर साईड अफ वैस्टर्न मोडर्निटी (पश्चिमी आधुनिकताको अँध्यारो पक्ष)" शिर्षकको दुई पुस्तक मार्फत पश्चिमी ज्ञान प्रणालीले उच्च रुपले प्रसंशा गर्ने पूनर्जागरण र पश्चिमी आधुनिकताको आँध्यारो पक्षहरुको कडा आलोचना गरेको छ, जुन मुख्यतः पूनर्जागरण तथा अधुनिकताको नाममा

भएको स्व-देशी ज्ञानसंहार र औपनिवेशिकता नै हो । उनी थप दावी गर्दछ कि, यदि विश्वका राज्यविहिन राष्ट्रहरुले आफुलाई राज्य औपनिवेशिकताबाट मुक्ती दिलाउने हो भने सर्वप्रथम पश्चिमी पूनर्जागरण तथा ज्ञानोदय ( उद्बोधन)जगमा निर्माण भएको आधुनिकताको ज्ञानमिमांसिय अवज्ञा गर्नु अनिवार्य हुन्छ र तब मात्र हामी विश्वका मानव समूहहरु आफ्नो मूल ज्ञानमा फर्किने छौं र औपनिवेशिकता विरूद्ध लड्न सक्षम हुन्छौं ।

(ञ)

हन्टिङटनको “द क्ल्याश अफ सिभिलाईजेसन्स” प्याराडाईमले परम्परागत उदारवाद र मार्क्सवादले प्रस्ताव गरेको सामाजिक द्वन्द्व र सहमतिको वर्ग-समन्वय वा वर्ग-संघर्षको एकल आयामिक प्याराडाईमबाट पुरै विश्व साँस्कृतिक बहुलआयामिकता तर्फ मोडेको तथ्य उजागर भयो । जस कारण उदार पूँजिवादको एकल विजय उत्सव मनाएका फ्रान्सिस फुकुयामाहरुले पनि आफ्नो पुरानो गलत दावीलाई संशोधन गर्न वाध्य भयो । सन् १९९६ मै विश्वमा उदार पूँजिवादको पूर्ण विजय घोषणा गरेको फुकुयामाले ठीक २२ बर्ष पश्चात सन् २०१८ मा “आईडेन्टटिटीः डिमाण्ड फर डिक्नीटी एण्ड पोलिटिक्स अफ रिजेन्टमेन्ट ( पहिचानः आत्मा गौरवको माग तथा आक्रोशको राजनीति)” नामक पुस्तक मार्फत आफ्नो गलत दावीलाई सच्यायो । उनि भन्दछन,

“आधुनिक उदारलोकतन्त्रहरुले वैयक्तिक अधिकारहरु, कानुनको शासन तथा वालिग मताधिकार समाविष्ट भएका न्युनतम मात्राको बराबरी सम्मान वाचा गर्दछ र ज्यादातर पुरा (पनि) गर्दछ । (तर) यसले के चाहिं सुनिश्चित गर्दैन भने लोकतन्त्रमा जनताहरु व्यवहारतः बराबरी रुपमा सम्मानित हुन्छन्, विशेषतः सीमान्तीकरणको इतिहास भएका समुहका सदस्यहरु ।”

तसर्थ, नेपाल लगायत विश्व भरिकै सीमान्तीकृत समुहका सदस्यहरु जसलाई राष्ट्र–राष्ट्रियताको वैधानिक राजनीतिक- अर्थशास्त्रीय मान्यता र पहिचान प्राप्त छ र जो २१ औं शताब्दीमा विश्व गणतन्त्रात्मक युगमा प्रवेश गरिसके पश्चात पनि आधुनिक राज्यप्रणाली र विश्व साम्राज्य प्रणालीको उत्पीडन तथा औपनिवेशिकताबाट मुक्त छैन, ती तमाम विश्व भरिका उत्पीडित जाति–वर्गका जनताहरुको निमित्त आधुनिक उदारलोकतन्त्रहरुले उनीहरूलाई

व्यवहारतः बराबरी रुपमा सम्मानित हुने ग्यारेन्टी नगरि रहेको परिप्रेक्ष्यमा विशेषतः सीमान्तीकरणको इतिहास भएका समूहका सदस्यहरुको मुक्ति संग्राम नै अबको “राष्ट्रिय मुक्ति क्रान्ति” भएको छ । अर्थात, २१ औं शताब्दीको राष्ट्रिय मुक्ती क्रान्तिको आयाम २० औं शताब्दीको भन्दा धेरै विशाल र फराकिलो भएको छ जहाँ कुनै एक राज्यले अर्को राज्यको औपनिवेशिकताबाट मुक्त हुने राष्ट्रिय मुक्तिको बाह्य आयाममात्र होइन राज्यकै औपनिवेशिकताबाट राज्यविहिन जनताहरुले मुक्ति प्राप्त गर्ने आन्तरिक आयाम प्रधान भएको छ र यो सिधै वास्तविक लोकतन्त्र र मानव अधिकार स्थापना गर्ने सबाल भएको छ, किनकी राष्ट्रिय मुक्तिको बाह्य आयामसँग मात्र जोडिएर गरिने लोकतन्त्र र मानव अधिकारको सवाल वास्तविक रुपले जनतासँग जोडिनै सकेन अपितु त्यो फगत राज्यहरु भित्रको राज्यधारी सम्भ्रान्तहरुसम्म मात्र सिमित रहेको यथार्थ हो । यसको ज्वलन्त उदाहरण हाल नेपाल राज्यको औपनिवेसिक आतङ्कलाई मान्न सकिन्छ । मा.महन्त ठाकुरले संघीय संसदको तेश्रो अधिवेशन अन्त्यको अवसरमा प्रतिनिधिसभामा विशेष सम्वोधन मार्फत राज्यको चरित्रमाथि गम्भिर प्रश्न गर्नु भयो,

“लोकतन्त्रमा आफ्नो अधिकार माग्दा जेल जानुपर्ने? आफ्नो अधिकारको माग कहिले गर्ने? कुन व्यवस्थामा गर्ने?....सरकारले आतंक मच्चाउँदा इनाम पाउने, प्रशंसा पाउने, तक्मा पाउने र नागरिकले आफ्नो अधिकार माग्दा गोली खानुपर्ने, जेल जानुपर्ने, मर्नुपर्ने?”[iv]

यि गम्भिर प्रश्नहरु राज्यको औपनिवेसिक तथा अधिनायकवादी चरित्रको समुल रुपान्तरण गर्ने विषयसंग जोडिएको छ । यदि वर्तमान संविधानको संसोधन मार्फत संघिय लोकतान्त्रिक गणतन्त्रलाई सिधै जनताको राष्ट्रिय मुक्ति आकांक्षा प्राप्त गर्ने विषयसंग जोड्न नसकिएमा राज्यको औपनिवेसिक चरित्र र अधिनायकवादी व्यवस्था कायमै रहने हुंदा अर्को विद्रोह अवश्यंभावी बन्न पुग्दछ ।

(ट)

राष्ट्रिय मुक्ति आन्दोलन तथा क्रान्तिको विश्व ईतिहासलाई अवलोकन गर्दा के देखिन्छ भने १८औं र १९औं शताब्दीको विश्व राजनीतिको केन्द्रमा

सामन्तवादको अन्त्य गर्दै उदारलोकतान्त्रिक पूँजीवादी व्यवस्था स्थापना गर्ने योजना रह्यो तर २०औं शताब्दी भने पूँजीवादको जगमा निर्माण हुन पुगेको साम्राज्यवादी व्यवस्था विरुद्ध समाजवादी व्यवस्था स्थापना गर्ने योजना मुख्य रहे । त्यसक्रममा पश्चिमा साम्राज्यवादी शक्तिहरु विच बाँकी विश्वमाथि औपनिवेशिक नियन्त्रण कायम गर्न भीषण प्रतिस्पर्धा भयो परिणामतः दुई महायुद्धको मार संसारले खेप्नुपऱ्यो । ती महायुद्धहरूको कारण कमजोर बन्न पुगेका साम्राज्यवादी शक्तिहरु विरुद्ध राष्ट्रिय मुक्ति आन्दोलनको लहर आयो । ठीक यसैवेला उदार पूँजीवादको विकल्पको रुपमा उदाउन खोजेका कम्युनिष्ट समाजवादीहरुको निमित्त पनि सहज परिवेश प्राप्त भयो तर समाजवादी क्रान्ति मार्क्स-एंगेल्सले दावी गरे जस्तै ठ्याक्कै वर्ग-संघर्षको जगमा मात्र उठान हुने र फैलिने सम्भावना न्युन रह्यो । अतः पुर्वि युरोप तथा रसियाजहाँ प्रारम्भिक कम्युनिष्ट समाजवादी क्रान्ति भएको दावी गरियो त्यहाँ कम्युनिष्टले उदाउँदो राष्ट्रिय मुक्ति आन्दोलनलाई सर्वहारा अधिनायकत्व भित्रको समाजवादी व्यवस्था स्थापनाको निमित्त कार्यनीतिक औजार बनाउन सफल भयो ।

(ठ)

सन् १९९० को दशक तिर जब कम्युनिष्ट समाजवादीहरुले ठुलो पराजय भोग्न पऱ्यो तव विश्वभरी नै राष्ट्रिय मुक्ति आन्दोलनको पुनःउत्थान हुन पुग्यो । नयाँ संस्करणको राष्ट्रिय मुक्ति आन्दोलनले उदारवादको नवऔपनिवेशिकता विरुद्ध मात्र होइन राज्यभित्रै दवाईएका राष्ट्रियताहरुको शक्तिलाई प्रष्टफुटन हुने वातावरण प्रदान गरे । यस प्रसंगमा विश्वभर पराजित कम्युनिष्ट शक्तीहरुको निमित्त सन् १९९६ मा दीर्घकालिन जनयुद्धको घोषणा गर्न पुगेको नेपाल कम्युनिष्ट पार्टी (माओवादी) एउटा झिनो आशाको त्यान्द्रो जस्तो भएको थियो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले बदि्लंदो विश्व परिस्थितीको ठोस विश्लेषण गर्दै नेपालमा गोर्खाली राज्य विस्तारको बखतदेखी नै राज्यविहिन हुन पुगेका यहाँका असली जनता प्रथम राष्ट्रहरुको उदाउँदो राष्ट्रिय मुक्तिको सुक्ष्म आकंक्षालाई जनयुद्ध सफल बनाउनको निमित्त विभिन्न राष्ट्रिय मुक्ति मोर्चा गठन गर्दै सफलता पुर्वक उपयोग गऱ्यो । तर विश्वका अन्यत्र कम्युनिष्ट शक्तिहरुले उत्पीडित राष्ट्रहरुको मुक्ति आकंक्षालाई उनिहरुको कथित जनवादी क्रान्तिको निमित्त उपयोग गर्ने गरे जस्तै नेपालमा पनि औपनिवेशिक राज्यद्वारा दवित जनताको राष्ट्रिय भावनाको दुरुपयोग

भयो । फलतः मधेश लगाएत अन्य राष्ट्रिय भावनाहरु आफै नयाँ बामपन्थी शक्तीको दावी प्रस्तुत गर्दै आउँदा नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले अस्तित्वको संकट भोग्नु पऱ्यो र यसको ठुलो हिस्सा दक्षिणपन्थी नेकपा (एमाले)मा विलय हुन वाध्य भयो भने अर्को सानो हिस्सा नेकपा (विप्लव समुह)को नाममा उग्रवामपन्थी भड्काउमा फस्दै गएको छ ।

(ङ)

तथापि, नेकपा (माओवादी) द्वारा संचालित जनयुद्धले बर्षौंदेखीको सामाजिक यथास्थितीमा ठुलो हथौडे मुक्का प्रहार गऱ्यो । फलतः मानिसलाई अस्तित्वमा रहेको समाज, त्यसको सोंच र मुल्यहरुलाई प्रश्न गर्न बाध्य पाऱ्यो । परिणामतः २१औं शताब्दीको उत्तर-जनयुद्ध कालमा आईपुग्दा राज्य औपनिपेशिक्ताबाट मुक्ति खोजि रहेका नेपालका ऐतिहासिक राष्ट्रियताहरूको राष्ट्रिय मुक्ति क्रान्ति नै लोकतान्त्रिक क्रान्तिको पर्यायवाची भएको छ । यसर्थ, अबको राजनीतिक क्रान्तिको नेतृत्वदायी शक्ति कुनै उदारवादी क्यपिटलिष्ट वा मार्क्सवादी कम्युनिष्ट नभएर सिमान्तिकरणको ईतिहास भएका जनसमुहहरूबाट निर्मित इन्डिजिनिष्ट शक्ति हुन पुगेको छ । यस्तो राष्ट्रिय मुक्ति क्रान्तिको संवाहक इन्डिजिनिष्ट शक्तिहरु विच विचार, नेतृत्व, योजना, संगठन तथा संघर्षको केन्द्रिकरण गरी विविध किसिमको अधिनायकत्व र औपनिवेशिकताबाट मुक्त स्वतन्त्र तथा सार्वभौम मानव समुह निर्माण गर्न आवश्यक भएको छ । यो भनेको हामी इन्डिजिनिष्ट शक्तिहरु विश्व परिवेश लगायत नेपालमा हाल प्रभावी मानिएका ज्ञान प्रणालीहरु नवमार्क्सवाद र नवउदारवादको अपूर्णता, अप्रयाप्तता र त्यस अनुसार निर्माण भएको लोकतान्त्रिक प्रणाली तथा संस्थाहरुको माध्यमले २१औं शताब्दीमा जनताको नयाँ चेतना र आकांक्षालाई सम्बोधन हुने गरी विश्वमा ज्ञान निर्माणमा देखिएका वाहुल्य विष्फोटको कारण मानव समुहहरु माझ विकास भएको उच्च (स्वतन्त्रताको) चेतनालाई विकसित लोकतान्त्रिक संस्था तथा प्रणालीसँग सामञ्जस्य हुने गरी ती संस्था तथा प्रणालीको निर्माणमा जुट्ने र सभ्यताको नयाँ यात्रा थालनी गर्न अग्रसर हुनुपरेको छ । यस वेला हामी नेपालका विविध खाले राष्ट्रिय शक्तिहरु ऐतिहासिक रुपमा राज्य प्रयोजित उत्पीडनबाट प्रताडित हुँदै आएका जाति–वर्गका जनताहरुको व्यक्तिगत एवम् समुहगत (राष्ट्र–राष्ट्रियताहरुको) स्वायत्तता र सार्वभौमिकतालाई अक्षुण राख्दै त्यसको जगमा स्वतन्त्रता,

समानता तथा आत्मगौरव स्थापनार्थ संयुक्त मोर्चा मार्फत औपनिवेशिक राज्य विरुद्ध राष्ट्रिय संघर्ष गर्न दृढ छौं ।

## २. नेपाली राष्ट्रिय मुक्ति आन्दोलनको समिक्षाः अर्थवादी एनजीओ तथा क्रान्तिकारी राजनीतिक संगठन ।

(क)

प्रा. माईकल किटिङ लेख्छनः

यस्तो विरोधाभासी देखिन्छ कि, पलपलको संवाद तथा (सामाजिक) मूल्यमाथिको एक बढ्दो सहमति सहित भूमण्डलीकरण भईरहेको विश्वमा, जसले वैधानिक राज्य व्यवस्थाको जग निर्माण गरिनु पर्दछ, हामी राष्ट्रवादको पुनरुत्थान देखिरहेका छौं । केहीको निमित्त, यो प्रवृत्ति सरासर अन्तर्विरोधी देखिन्छ, एक भविष्य तिर देखाउँदै, अर्को भूत तिर देखाउँदै । केहीको निमित्त, राष्ट्रवाद सार्वभौम मूल्यको निमित्त खतरा हो, उदार लोकतन्त्रको निमित्त र आधुनिकताको सम्पूर्ण योजनाको निमित्त । अन्यको निमित्त, यसले मुक्ती, लोकतन्त्र, संस्कृतिहरुको समृद्धि तथा वैश्वविक तथा स्थानिय विच एक नयाँ सम्वन्धको निमित्त एउटा नयाँ दृष्टिकोण दिन्छ । केही राष्ट्रवादहरुको तीव्र वृद्धि अराजकता तथा कलहको सूचकको रुपमा हेर्दछ, यद्यपि अन्यहरु राष्ट्रवाद तथा व्यवस्थित अन्तरराष्ट्रिय समाजको मामिलामा केही पनि असंगत देख्दैन ।

आधुनिक राजनीतिक इतिहासलाई गहिरोसँग अध्ययन गर्दा हामी के पाउँदछौं भने पहिचान राजनीतिको केन्द्रमा राष्ट्रबाद प्रमुख सवाल रह्यो । राजनीतिमा “राष्ट्र” अवधारणा “वर्ग” अवधारणा भन्दा प्राचिन तथा ज्यादा प्रभावी भयो । यसरी राजनैतिक इतिहासलाई गहिरोसंग अध्ययन गर्दा के देखिन्छ भने वर्ग अवधारणाको भूमिका सापेक्षित स्वतन्त्रता उपभोग गर्दै आएका जनसमुहहरुलाई राजनीतिक रुपमा परिचालन गर्ने सवालमा ज्यादै सीमित मात्रामा रह्यो तर राष्ट्र अवधारणामा नै हालसम्म विश्व राजनीति घुमिरहेको छ । यस सवालमा आधुनिक वुर्जूवा राजनीतिक सिद्धान्तकारहरु के तर्क गर्दछन् भने, यदि विश्वभरिका जनसमुहहरुलाई राष्ट्र अवधारणाबाट नै राजनीतिक रुपले परिचालित हुने र संगठित भएर आ–आफ्नो राष्ट्रिय स्वार्थलाई पछ्याउन छुट

दिने हो भने, यसले लोकतन्त्रलाई खतरामा पुऱ्याउँछ । यसको पुष्टिमा उनीहरूद्वारा एक प्राज्ञिक अवधारणा बिकास गरेको छग "एथ्निक आउटविडिब" । एथ्निक आउटविडिब (त्यो) हो जब राजनीतिज्ञहरु कुनै एक विशेष राष्ट्रिय(जातिय ) समुहको रक्षाको निमित्त प्रतिश्पर्धा गर्दछ, अरुको मूल्यमा, त्यो समुहको रक्षाको निमित्त झन ठुलो माग तर्फ डोहोऱ्याउँदै । यो प्रतिश्पर्धात्मक स्थान-लिने (कार्य) एक बोलकबोल जस्तै हो जहाँ राजनीतिज्ञहरु सोंच्दछ कि एक समुहको वचाउमा झन ज्यादा उग्र हुनु (नै) जितको मार्ग हो ।[v]

यसर्थ उदार लोकतन्त्रवादीहरू जनसमुहहरुलाई आ–आफ्नो राष्ट्रिय पहिचान परित्याग गराउँदै नागरिक राष्ट्रवादमा विकास गर्दै लैजानु अनिवार्य ठान्दछन । यसको प्रभावकारी प्रयोग संयुक्त राज्य अमेरिकामा गरियो । जहाँ उनिहरुले विश्वभरिबाट अमेरिका आउने आप्रवासीहरुलाई अमेरिकी नागरिक राष्ट्रियतामा विलय गराउने हेतु "मेल्टिङ पट" अवधारणा लागु गऱ्यो तर भौतिक वस्तु जसरी मानव चेतना(अवचेतना)मा गहिरो गरि घर गरेका सांस्कृतिक विरासत युक्त पहिचान विलय(मेल्ट) हुन सकेन परिणामतः अमेरिकी समाज बहुलसांस्कृतिक समाज बन्न पुग्यो । जुन कुरो अमेरिकाका ह्वाइट सुप्रीमेसिस्ट (WASP: White Anglo-Saxon Protestant) मुलका मानिसहरुले स्वीकार गर्न सकेन परिणामतः सन् २०१६ को निर्वाचनमा उपरोक्त अनुदार उग्रदक्षिणपन्थको प्रतिनिधित्व गर्दै डनल्ड ट्रम्प राष्ट्रपति निर्वाचित भयो । उनको प्रशासनले WASP बाहेक अन्य पहिचानधारी अमेरिकी नागरिकहरुमाथि अपमानित व्यवहार गर्दै आएको छ ।

(ख)

१७औं शताब्दीमा युरोपमा विकास भएको यो सिद्धान्तलाई उदारवाद नाम दिइयो, उदारवादसंग कम्युनिष्ट मार्क्स-एँगेल्स सहमत हुन सकेन । उनिहरु भन्दा अगाडिका जर्ज विल्हेल्म फेडरिक हेगेलको समेत फरक मत रह्यो र उनले राजनीतिमा नैतिकताको मुल्य हुनैपर्ने तर्क गरे । मार्क्स-एँगेल्सको निमित्त राज्य वर्गिय हुने हुँदा उदारलोकतन्त्र भनेतापनि वुर्जूवा नियन्त्रित राज्यमा सर्वहाराको निमित्त लोकतन्त्र हुनेछैन । यसर्थ राज्यमाथि सर्वहारा नियन्त्रण वा अधिनायकत्व हुन अनिवार्य हुन्छ । त्यस पश्चात मात्र सामाजिक लोकतन्त्रको

अवधारणा सफल हुन्छ । मार्क्सले जनसमुहहरुलाई राष्ट्रिय अवधारणामा भन्दा वर्गिय आधारमा संगठित गर्ने र परिचालन गर्ने कुरामा जोड दियो । मार्क्सवादीको निष्कर्ष नै रह्यो कि यदि जनसमुहहरुलाई राष्ट्रिय पहिचानको आधारमा संगठित गर्ने र परिचालन गर्दा त्यसले उनिहरु माझ वर्गिय ऐक्यभावलाई कमजोर पार्दछ र परिणामतः त्यसको लाभ वुर्जूवाहरुलाई पुग्छ । यसकारण मजदूरहरुले आफुलाई सर्वहारा अन्तर्राष्ट्रवादमा ऐक्यवद्ध हुँदै आ–आफ्नो राज्यहरु भित्र कम्युनिष्ट व्यवस्था स्थापनार्थ वर्गसंघर्ष उठान गर्नु पर्दछ किनकी समाजका सबै खाले सँघर्षहरु अन्ततः वर्ग संघर्ष नै हो ।

(ग)

नेपालको सन्दर्भमा हिन्दू धर्मशासित राज्य अवधारणामा आधुनिक राज्य निर्माण प्रकृयाका तीन प्रमुख घट्नाहरुः (१) पृथ्वीनारायण शाहको गोर्खा राज्य विस्तार, (२) जंगबहादुरद्वारा मुलुकी ऐन जारी र (३) महेन्द्रको राष्ट्र-राज्य निर्माण पश्चात करिब समान-रेखिय शक्ती विन्यासको आधारमा संगठित विभिन्न राष्ट्रिय पहिचान भएका जनसमुहहरु माझबाट काठमाडौं केन्द्रित पहाडी, उच्च हिन्दू जात(वर्ण), पितृसत्ता वर्चश्वशाली भएको एकात्मक केन्द्रिकृत राज्य स्थापना भयो । यहाँका सिमान्तिकरणको ईतिहास भएका जनसमूहहरुको निमित्त यि तीन ऐतिहासिक दुर्घट्नाहरुले उनिहरुलाई राज्यविहिन राष्ट्रहरुको हैसिएतमा पुऱ्याएको यथार्थ हो र यो योजनाको पछाडि वैदिक हिन्दू राज्य अवधारणा नै केन्द्रिय राज्य सिद्धान्त थियो जसले राज्यसत्तामा पहाडी, हिन्दू उच्च जात(वर्ण) भित्रका सम्भ्रान्त पुरुषहरुको पकड बलियो हुन पुग्दा गैर हिन्दू राष्ट्रियता, मधेशी, महिला, मुसलमान, हिन्दू भित्रैका दलित, निम्न वर्ग र दुर्गम क्षेत्रका जनताहरुले कहिल्यै पनि लोकतन्त्रको फल प्राप्त गर्न सकेन । ईतिहासमा भएका विभिन्न जनविद्रोह तथा जनआन्दोलनहरु पश्चात पनि मुट्ठीभरका सम्भ्रान्तहरु आफ्नो हातमा भएका अधिक शक्ति त्याग गर्न तयार देखिन्न बरु उनिहरुले लोकतन्त्र, संघियता, धर्मनिरपेक्षता र गणतन्त्र जस्ता महान जनपक्षिय बिषयहरुलाई नै विकृत रुपले अपव्याख्या गर्दै आफ्नो शक्ति वचाउ गर्न दुरुपायोग गर्दै आएको छ ।

(घ)

विश्वभरि आधुनिक राज्य निर्माणको ऐतिहासिक सापेक्षतामा नेपाली राज्य निर्माणको इतिहासलाई फर्केर हेर्दा एउटा विरोधाभाष भेटिन्छ । विरोधाभाष के छ भने जुन बेला सन् १८५४ मा मुलुकी ऐन जारी मार्फत जनताको स्वतन्त्रतालाई कुल्चदै एक सामन्ती अधिनायकवादी धार्मिक अधिराज्य स्थापना गर्ने योजना अगाडि बढाएको थियो, जुन योजनाले वैदिक सनातन वर्णाश्रम धर्म विधानको आधारमा जनतालाई उचनिचको भेदभावपूर्ण तहहरु निर्माण गरेको थियो, त्यो कालखण्ड भन्दा एक शताब्दी अगाडि नै विश्वका अन्यत्र विशेषत: युरोप र उत्तर अमेरिकामा मध्ययुगिन सामन्ती धार्मिक राज्यसत्ता विरुद्ध विभिन्न जनसंघर्षहरु जस्तै: सन् १७७६ को अमेरिकी स्वतन्त्र सग्राम तथा सन् १७८९ को फ्रान्सेली राज्य क्रान्ति सफल भएको थियो । तर, विश्व राजनितिको परिवर्तन र नेपाली धर्म व्यवस्थामा आधारित राज्य निर्माणको विचमा केही समानता पनि छ । पश्चिमा विश्वले स्वतन्त्रता, समानता र भ्रातृत्वको वकालत गरिरहँदा त्यहाँ त्यहि राज्य भित्रका महिला, अश्वेत तथा राज्यविहिन राष्ट्रहरु पर्दैन थियो त्यसै गरि नेपाली कथित आधुनिक राज्यभित्र पनि यहाँका ऐतिहासिक राष्ट्रियताहरु परेनन । त्यसै गरि पश्चिमी साम्रज्यवादी शक्तिहरूले आफु स्वतन्त्र भएको दावी गरेर बाँकी विश्वलाई पनि स्वतन्त्रता दिलाउने दावाका साथ बन्दुक र वाइवल मार्फत औपनिवेसिकता विस्तार गर्ने काम भयो भने यहाँका राज्यधारीले पनि राज्यत्वको हवाला दिदै धार्मिक र राजनैतिक औपनिवेसिकता विस्तार गर्ने काम भयो । यसर्थ आधुनिक नेपाल राज्य निर्माण योजनाको केन्द्रिय लक्ष्य केन्द्रिकृत हिन्दू उच्च वर्ण शासित सामन्ती व्यवस्थाको अन्त्य गर्दै उदार लोकतान्त्रिक राज्य (कम्युनिष्ट शक्तिको निमित्त साम्यवादी राज्य) स्थापना गर्नु अन्तिम लक्ष्य थियो । त्यसैको निमित्त सम्पूर्ण जनसंघर्षहरु भएको थियो जहाँ दलहरुको नेत्रित्वदायी भूमिका थियो ।

(ङ)

तर, नेपाली राजनीतिक ईतिहासमा एउटा बढो महत्व र चाखको बिषय यो छ कि राजनीतिक दलको अवधारणा विकास हुनु पुर्व नै यहाँ राजनीतिक विद्रोहहरु भएको थियो जुन विद्रोहहरुको नेत्रित्व यहाँका गैर-हिन्दू (आदिवासी) तथा गैर-पहाडी (मधेशी) राष्ट्रियताका जनताहरु लगायत हिन्दू दलितको नेत्रित्वमा भएको थियो । केन्द्रिकृत हिन्दू उच्च वर्ण शासित राज्य शासन विरूद्धको

पहिलो प्रत्याक्रमणको शंखघोष ई.सं. १७७० मा भएको "दश लिम्बुवान विद्रोह" बाट शुरू भयो । लिम्बु प्रथम राष्ट्रले त्यसरी नै ई.सं. १७७८, १७८१, १७९१-९२ मा भाषिक तथा राजनितिक स्वयत्तताको निमित्त विद्रोह गरे । ई.सं. १७९१-९२ मा नै माझ किराँतका राई (खम्बु) प्रथम राष्ट्रको विद्रोह भयो । ई.सं. १७९३ मा नुवाकोटका तामाङ प्रथम राष्ट्रले स्वशासनका लागि अर्को राजनितिक विद्रोह गरे । त्यसरि नै पुनः ई.सं. १८०८ मा राई (खम्बु) प्रथम राष्ट्र विद्रोह, ई.सं. १८५५ मा गुरूब प्रथम राष्ट्रको महान मुक्तियोद्धा सुकदेव गुरूबले गरेको स्वशासन आन्दोलन, ई.सं. १८७६ को धनकुटामा भएको दशैं वहिस्कार आन्दोलन (रामलीहाङ र रिदामाको हत्या), ई.सं. १८७० को पल्लो किराँत लिम्बु भाषा आन्दोलन (श्रीजङ्घासिंह थेवेलाई देश निकाला), ई.सं. १८७० मा गोर्खाको मगर प्रथम राष्ट्रको महान मुक्तियोद्धा लखन थापा मगरले राणा शासन विरूद्ध गरेको विद्रोह जहाँ लखन सहित सात जनालाई झुण्ड्याएर मृत्युदण्ड दियो । ई.सं. १८७७ मा गोर्खा कै गुरूङ प्रथम राष्ट्रको अर्को महान मुक्तियोद्धा सुपति गुरूङले राणा शासन विरूद्ध गरेको विद्रोह जहाँ उनको गोर्खाको टुँडिखेलमा हत्या गरियो । ई.सं. १८८५ नेपालका शासकहरूले बौद्ध धर्मग्रन्थ नष्ट गरेको विरूद्धको विद्रोह । ई.सं. १९१४ मा भएको लिम्बु भाषा दमन, केही लिम्बु भाषीहरूको हत्या र केहिलाई देश निकाला गरियो । ई.सं. १९२४ को काठमाण्डौंका नेवारहरूले भाषा थिचोमिचो भएको विरूद्ध गरेको विद्रोह । सन् १९६९ मा थारु भाषाका पत्रिका गोचालीको सम्पादक सगुन लाल चौधरी लाई धनगढी जेल तथा महेश चौधरी लगायतका व्यक्तिहरु उपर देशद्रोह मुद्दा दायर । ई.सं. १९२५ मा छिरिङनोर्वु लामा र चार भिक्षुहरूको देश निकाला । ई.सं. १९२६ मा कोलकतामा नेपाल भाषा विकास मण्डल गठन । ई.सं. १९२७ मा बौद्ध धर्म प्रचारको अभियोगमा भिक्षुहरू देश निकाला लगाएतका अनेकौं महान ऐतिहासिक विद्रोहको फेरिस्त पश्चात अन्ततः त्यहि साहसिक विद्रोहहरूको जगमा वि.सं. १९९० मा प्रजा परिषदको गठनसँगै आधुनिक राजनितिक "विचार, नेतृत्व, योजना" विकासको क्रम शुरू भयो ।

वि.सं १९९७ सालमा चार जना नेपाली पुत्रहरूलाई हिन्दु धार्मिक शासनको ठेकेदार राणाहरूले दुई जनालाई गोलि ठोकेर र अन्य दुई जनालाई झुण्ड्याएर मृत्युदण्ड दिए । उनीहरू चार जना मध्य दुई जना नेवार आदिबासी थिए भने अन्य दुई जना खस (ठकुरी) थिए । उनीहरूसँगै जेल परेका टंक प्रसाद आचार्य

जो तत्कालिन अवस्थामा प्रजा परिषदको अध्यक्ष थिए उनी लगाएत अन्य ब्राह्मण जातका बन्दिहरूलाई तत्कालिन हिन्दु कानुन अनुसार मारेमा ब्रह्महत्याको पाप लाग्ने मान्यता भए अनुसार सर्वोस्वहरण गरि निर्वासनमा धपाईयो । त्यसरी नै केन्द्रिकृत एकात्मक राज्य व्यवस्था विरुद्ध मधेस र थरुहट क्षेत्रमा पनि पटक पटक विद्रोह भएको इतिहास छ । सन् १८८९ मा सप्तरी बरमझियाका भोला नाथ सुब्बा थारु आफ्नो पूर्खाले पाएका स्वायत्त अधिकार कटौतीको विरोधमा विद्रोह गर्दा उनलाई फाँसी दिइयो । त्यसरी नै सन् १९५१ मा लोकतन्त्रको स्थापना भए पछि कथित लोकतान्त्रिक दल भनिएका नेपाली काग्रेसको नेतृत्व तहमा देखिएको उच्च पहाडि हिन्दु जात(वर्ण) पुरुष अहंकारको विरुद्ध लोकतान्त्रिक आन्दोलनमा बलियो साथ दिएका मधेसी, आदिवासी जनजातिहरुले विद्रोह गर्न बाध्य भएको थियो । यसक्रममा वेदानन्द झाको नेतृत्वमा छुटै तराई काँग्रेस स्थापना भयो । तराइ काग्रेसकै एक नेता रघुनाथ ठाकुरको नेतृत्वमा तराई मधेसको भाषिक तथा राजनैतिक स्वयातताको निमित्त सर्घष भयो । त्यसै गरि सन् १९६० मा कपिलवस्तुको तौलिहवामा मधेसी जनताले केन्द्रिकृत राज्य विरुद्ध सशस्त्र विद्रोह गरेका थियो । राजा महेन्द्रले सैन्य कु मार्फत लोकतन्त्रको हरण गरे पस्चात त्यसको विरुद्ध मधेसी सपुत दुर्गानन्द झाले सन् १९६२ मा राजाको जनकपुर भ्रमण ताका बम प्रहार गरेको थियो । दुर्गानन्द झालाई तात्कालिन राजाको प्रशासनले उक्राउ गरि कठोर जेल यातना दियो र अन्ततः फाँसी दियो । मधेसमा भएका विद्रोहहरुको लक्ष्य देशमा लोकतन्त्रको बहाली गर्नु मात्र थिएन बरू लोकतान्त्रिक व्यवस्था भित्रै मधेसमा भाषिक तथा राजनैतिक स्वायतता स्थापित गर्नु पनि थियो । तर तात्कालिन परिवेशमा नेपाली काँग्रेसले मधेस लगाएत अन्य क्षेत्रले माग गरि रहेको राजनैतिक तथा भाषिक स्वायततालाई स्वीकार गर्न अनिच्छुक रहेको हुँदा मधेसी लगाएत अन्य राष्ट्रियताका मानिसहरुले काँग्रेससंगको नाता तोड्दै फरक संगठनहरु निर्माण गर्ने क्रमको सुरुवात भएको थियो । यस प्रशंगमा नेपाली काँग्रेसले जननायक भनि घोषणा गरिएका विपि कोइरालासंग मधेसको भाषिक तथा राजनैतिक स्वायतताको सवालमा मत बाझिरहेको थियो र अन्ततः विपिको मृत्यु पश्चात सन् १९८२ मा गजेन्द्र नारायण सिंहले स्वायत्त मधेस प्रदेश स्थापनार्थ सद्भावना परिषद् गठन गरेको थियो ।

(च)

यसविच, नेपाल राज्यको आधुनिकीकरण र लोकतान्त्रिकरण प्रकृयामा राजनीतिक दलहरू विच मुख्यतः दुई धारहरुः वुर्जुवा लोकतन्त्रको धार र सामाजिक लोकतन्त्रको धार देखियो । सिद्धान्ततः नेपाली काँग्रेसले सामाजिक लोकतन्त्रको धार दावी गर्दै आएको भएता पनि सारमा यो शक्तिले वुर्जुवा लोकतन्त्रको धार कै प्रतिनिधित्व गर्दै आएको छ। यसर्थ वामपन्थमा सामाजिक लोकतन्त्रको धारमा कम्युनिष्ट शक्तिको उदय भयो। यि दुबै धारहरु विच हाल पर्यान्त राजनीतिक प्रतिश्पर्धा हुँदै आएको छ भने सामान्ती राजतन्त्र विरुद्धको संघर्षमा दुबै धारहरुले संयुक्त मोर्चा निर्माण गर्दै आएको ईतिहास छ । विश्वभरी नै वुर्जुवा लोकतान्त्रिक धारको विकल्पमा वामपन्थमा सामाजिक लोकतन्त्रिक धारमा कम्युनिष्ट शक्तिको उदय भएको हो । जव शुरूवात मै वुर्जूवा लोकतन्त्रको विकल्प खोजी गरिरहेका विश्वका जनसमुहहरुले कम्युनिष्टको मार्क्सवादी सिद्धान्तमा विश्वास गरेनन, तव कम्युनिष्ट मार्क्सवादीहरुले साम्राज्यवादको विरुद्धको लडाई लड्न भन्दै वुर्जुवा लोकतन्त्रिक प्रणाली भित्र राज्यविहिन हुन पुगेका विश्वका स्वतन्त्र राष्ट्रहरुलाई वर्गसंघर्षको निमित्त लामवद्ध गरायो । तर, त्यहाँ राष्ट्रहरुले राष्ट्रिय स्वाधिनता तथा सार्वभौमिकता प्राप्त गरेन । फलस्वरुप राष्ट्रहरुले वर्गसंघर्षको सैद्धान्तिक विकल्पमा राष्ट्रिय संघर्षलाई अगाडि ल्यायो। राष्ट्रिय संघर्षको सैद्धान्तिक जग पनि मार्क्सवाद नभएर इन्डिजिनिज्म हुन पुग्यो र उनीहरुले आफूलाई वुर्जूवा अथवा कम्युनिष्ट शक्तिबाट अलग्याउँदै नयाँ इन्डिजिनिष्ट शक्तिको रुपमा विकास गरे । विश्वभर २०औं शताब्दीको अन्त्य र २१औं शताब्दीको शुरुवातवाटै देखा परेका यस किसिमको परिवर्तनले राष्ट्रिय मुक्ति क्रान्तिलाई विश्वका मुलक्रान्तिको रुपमा स्थापित गरायो। जहाँ उदारवाद वा मार्क्सवादको सिद्धान्तहरु भन्दा स्थानीय जनसमुहहरुको राष्ट्रवाद बलियो राजनीतिक सिद्धान्त भएर आयो। हामीले यसै आधारमा अवको लोकतान्त्रिक क्रान्तिलाई “राष्ट्रिय मुक्ति क्रान्ति” भनेका छौं । जुन विश्वका स्वतन्त्र जनसमूहहरुले आफूहरु विरुद्धको औपनिवेशिकता (आन्तरिक र बाह्य) अन्त्य गर्नको निमित्त राष्ट्रिय संघर्षको हतियार उठाउँदै छन्। प्राध्यापक फेरेन रेक्वेयोको मत अनुसार,

“साधारणतया यस्तो लाग्छ कि अन्तर साँस्कृतिकताको सवाल तथा सोझो रुपमा बहुलराष्ट्रियताको सवालले लोकतान्त्रिक वहसको निम्ति नयाँ मुद्दाहरु

खडा गरेको छ, जुन तरिकाले परम्परागत राजनीतिक उदारवादले यी सोंचहरु विकास गरे । वास्तवमा हामी भन्न सक्छौं कि, यी नयाँ मुद्दाहरुले लोकतान्त्रिक वैधता तथा वहुलराष्ट्रिय सन्दर्भमा संघियताको एक विशेष सिद्धान्तको निम्ति छलफलको प्रमुख विषयहरुको अर्थ बोक्छ जसले गर्दा राष्ट्रिय अल्पमतका अधिकारहरु अन्योन्याश्रित, विभेदकारी र नैतिक रुपमा अतार्किक जस्तो हेर्ने परम्परागत धारलाई परास्त/निस्तेज गर्छ ।" (राष्ट्रिय मुक्ति क्रान्तिको राजनीतिक कार्यदिशा)

(छ)

यस कारण २१औं शताब्दीको प्रार्दुभावसंगै विश्वभरि नै उदारपूँजीवादीहरु तथा मार्क्सवादी कम्युनिष्टहरू कुनै किसिमको नयाँ राजनीतिक परिवर्तनको संवाहक शक्ति रहेन किनकी उदारलोकतान्त्रिक तथा समाजवादी व्यवस्थामा देखा परेको अपूर्णता अब उदारवाद र मार्क्सवादको सिद्धान्तले पुरा गर्न नसक्ने भयो । समग्रतामा समाजशास्त्री ईम्यानुयल वलर्स्टाईनले व्याख्या गरेको "विश्व-पूँजिवादी प्रणाली" मा संकट आयो । सन् १९७० को शुरुवातमा बिकास गरेको आफ्नो "वर्ल्ड सिस्टम थेरी" मा उनी थप दावी गर्दछ कि, समाजवादी व्यवस्था जुन कम्युनिष्ट शक्तिले विश्व-पूँजिवादी व्यवस्थालाई विस्थापित गर्न बिकास गरेका थिए, वास्तवमा विश्वमा कहिल्यै लागु भएन । सन् १९१७ को अक्टोबर क्रान्ति पश्चातको सोभियत समाजवाद वास्तवमा "राज्य पूँजिवाद" थियो । फुकुयामाले समाजवादमाथि विजय घोषणा गरेको विश्व-पूँजिवादी व्यवस्थाले जब सन् १९९० पश्चात विभिन्न किसिमको संकट सामना गर्नु पर्‍यो तब विश्वले यसको विकल्पको खोजी गर्नु वाध्य हुँदै आयो । यसैविच सन् १९९६ मा आफ्नो लेख "रिड्रईङ वर्ल्डस बोडर्स" मा राजनीतिशास्त्रको प्रा. ग्रहाम ई. फुलर दावी गर्दछ्रु उदयमान राष्ट्रबादी शक्तिहरू तथा साँस्कृतिक पुनोरूत्थानहरू आफै नयाँ व्यवस्थाको दाबी गर्न तयार देखिएको छ । यसै परिप्रेक्ष्यमा सन् १९९० को वुर्जुवा लोकतान्त्रिक व्यवस्थाको निमित्त भएका जनआन्दोलन कै समय नेपालमा राष्ट्रिय मुक्तिको सवाललाई उजागर गर्दै केही राजनीतिक दलहरु स्थापना हुनेक्रमको शुरुवात भएको थियो । मधेसमा मधेसी राष्ट्रिय मुक्तिको सवाललाई केन्द्रिय लक्ष्य मान्दै स्व.गजेन्द्र नारायण सिंहको नेतृत्वमा नेपाल सद्भावना पार्टी स्थापना भएको थियो भने पहाडमा विभिन्न

आदिवासी राष्ट्रियताका जनताहरुको सहभागितामा राष्ट्रिय जनमुक्ति पार्टी स्थापना भएको थियो ।

(ज)

यसरी, सन् १९९० को राजनितिक परिवर्तन लगतै नेपालका ऐतिहासिक राष्ट्रियताहरू आन्दोलनदेखि पार्टी निर्माण तर्फ बढ्यो । यहि समय खोलेको दुई राजनितिक दलहरू नेपाल राष्ट्रिय जनजाति पार्टी तथा मंगोल नेशनल अर्गनाईजेशन लाई निर्वाचन आयोगले अमान्य करार गर्‍यो । मंगोल नेशनल अर्गनाईजेशन गोपाल गुरूङको नेतृत्वमा उनी जेल भित्र रहंदै सन् १९८९ मा गठन भयो भने नेपाल राष्ट्रिय जनजाति पार्टी खगेन्द्रजंग गुरूङको नेतृत्वमा काजीमान कन्दब्वा, कमल छारहाब, खुशीमान गुरूब आदि नेताहरूको पहलमा सन् १९९१ सालमा गठन भयो । क्रमिक रूपले सन १९९२ मा जनआन्दोलन सन् १९९० मा सकृय विद्यार्थीहरूको पहलमा नेपाल स्वतन्त्र विद्यार्थी मोर्चा गठन भयो । त्यहिबेला पश्चिममा एम. एस. थापा, गोरे बहादुर खपाङ्गी आदि नेताकार्यकर्ताहरूको पहलमा नेपाल राष्ट्रिय जनमुक्ति मोर्चा गठन भयो । सन् १९९२ मा राष्ट्रिय जनजाति पार्टी र नेपाल राष्ट्रिय जनमुक्ति मोर्चा विच एकिकरण भई राष्ट्रिय जनमुक्ति पार्टी गठन भयो । यो घटनाले राष्ट्रिय मुक्ति आन्दोलनदेखि पार्टी निर्माण तर्फको यात्रामा एउटा महत्व बोक्दछ (राष्ट्रिय मुक्ती क्रान्तिको राजनीतिक कार्यदिशा) ।

(झ)

यसर्थ, उपरोक्त राजनीतिक विकासको अधारमा हामी यो किटानी गर्न सक्छौ कि "हाल पर्यान्त अवस्थित मानव समाजको इतिहास जाति-वर्ग सर्घषको इतिहास हो ।" मानव समाजको इतिहासलाई गहिरो गरि पर्घेल्दा के तथ्य भेटिन्छ भने ऐतिहासिक विकासको संवाहक शक्ति आर्थिक वर्ग गौण तर सांस्कृतिक राष्ट्रियता प्रधान हो । प्रा. फ्रान्सिस फुकुयामा दावी गर्दछ कि, "धेरै राजनैतिक जीवनहरु आर्थिक श्रोतसंग कमजोर गरी सम्बन्धित हुन्छ ।" यसको अर्थ यो हुन्छ कि मानिसहरुको राजनैतिक जीवन बलियो गरि पहिचानसंग सम्बन्धित हुन्छ । तर मानव इतिहासको लामो कालखण्डसम्म बहुलसांस्कृतिक राष्ट्रियताका जनताहरुले किन वर्गिय सिद्धान्तको आडमा निर्माण भएको आधुनिक राज्यको औपनिवेसिकताबाट मुक्ति प्राप्त गर्न सकेनन? यस प्रश्नको

उत्तर प्राप्त गर्नको निमित्त समाज तथा प्रकृतिमा समेत लागु हुने परिवर्तनको नियमलाई बुझ्न सक्नु पर्दछ ।

(ञ)
नेपालको राष्ट्रिय मुक्ति क्रान्तिको सन्दर्भमा समेत यहि अवस्था विद्यमान रहेको छ । यसबेला हामीले उत्तर-जनयुद्ध कालको राष्ट्रिय संघर्षको गहिरो समिक्षा गर्नु अनिवार्य भएको छ जुन संघर्षहरु ईतिहासमा प्रथम पटक उत्पीडित राष्ट्रियताका जनताहरुको आफ्नै नेत्रित्वमा भएको थियो । पटक पटकको मधेश विद्रोह, थरुहट, लिम्बुवान, कोचिला, ताम्सालिङ, तमुवान, खम्बुवान आदि राष्ट्रिय संघर्षहरु आखिर किन निस्तेज हुन पुग्यो? किन राज्यधारीहरुले राज्यको औपनिवेशिक चरित्रलाई कायमै राख्न सफल भयो जसकारण आज संघिय लोकतान्त्रिक गणतन्त्र भनिएता पनि उत्पिडित राष्ट्रियताहरुले नयाँ खालको राज्य औपनिवेशिकताको शिकार हुनु परेको छ? यहाँनिर हामी कहाँ चुक्यौं र किन चुक्यौं? संयुक्त मोर्चा निर्माणको यसघडीमा हामी जुटिरहंदा हामीले विगतको निर्ममतापूर्वक समिक्षा गर्ने र आत्मालोचित हुने प्रकृयाबाट अगाडि बढ्नु अनिवार्य छ । हामीले जति हाम्रो कमजोरीको समिक्षा गरिरहन्छौं त्यतिनै हाम्रा शक्तीको पनि समिक्षा हुनु जरुरी छ र साथै हामीले बुझ्नु जरुरी छ कि हाम्रा निमित्त जति ठुलो चुनौती छ त्यती नै ठुलो अवसर पनि छ । यस परिप्रेक्ष्यमा हामी देखी रहेका छौं कि, विगतका लोकतान्त्रिक आन्दोलनहरुमा शुशुप्त अवस्थामा देखा परेको राष्ट्रिय मुक्तिका संवाहक शक्तिहरु अहिले निरन्तर अभियान मार्फत आफू र आफ्ना सहयोगी शक्तिहरु सित हातेमालो गर्दैछन् । नेपालका छद्मभेषी कम्युनिष्टहरुको शक्ति जब राष्ट्रिय मुक्तिका संवाहक शक्तिहरु आफैं आफ्नो सत्ता कायम गराउन क्रियाशिल हुँदै अग्रसरता लिए तब ती संकटग्रस्त हुनपुग्यो । यस बारे डा. बाबुराम भट्टराई लेख्छन्–

*"पछिल्लो एक वर्ष भित्र नेपालका पुराना कम्युनिष्टहरु एकै ठाउँमा जम्मा भएर बनेको पार्टीको असफलता तिर उन्मुखताले नेपाली जनतालाई नयाँ ढङ्गले प्रश्न गर्न बाध्य बनाएको छ । कम्युनिष्ट आन्दोलनमा लामो समय लागेका कार्यकर्ताले पनि छातिमा हात राखेर सोच्ने वेला आएको छ । के हामीले लिईरहेको विचार पुराना भएको त होइन? कहीं हामीले हिडिरहेको बाटो नै अब असान्दर्भिक भएको त होइन? उपरोक्त विषयहरुको हल खोज्ने विचार,*

*सिद्धान्त र योजनाले जन्माएको नेतृत्व नै अबको निरासालाई आशामा बदल्ने हैसियत राख्छ । नयाँ वैकल्पिक शक्तिको स्पेस वास्तविक रुपमा तिनै नेतृत्वको अगुवाईमा बन्ने राजनीतिक दलले लिने देखिन्छ ।" (नयाँ पत्रिका, कार्तिक १६, २०७५)*

तर वैकल्पिक शक्ति निर्माणको वर्तमान पहलकदमीहरुले राजनीतिमा चल्दै आएका पुरानै परम्परा, आदत र रुटीन मार्फत मानव चेतनामा बनेको गरुङ्गो भारी बदल्न सकेन । यो मानव चेतना बदल्न ठूला घटनाहरुको हथौडे मुक्का आवश्यक हुन्छ र मानिसलाई अस्तित्वमा रहेको समाज, त्यसको सोंच र मुल्यहरुलाई प्रश्न गर्न बाध्य पार्छ । यसको निमित्त राष्ट्रिय मुक्तिका अगुवाहरुबारा निर्मित शक्तिशाली पार्टी तथा संयुक्त मोर्चा गठन आजको पहिलो आवश्यकता हो किनकी औपनिवेशिक राज्य नेपालको सन्दर्भमा यहाँका स्वतन्त्र जनसमूहहरुले भोग्ने उत्पीडन, वर्षौंदेखि भोग्दै आएका दमन तथा विभेद र उच्च जात (वर्ण) अहंकारको दवदवाले राष्ट्रिय उत्पीडनको सवाल राष्ट्रिय मुक्ति आन्दोलनमा प्रखर हुँदै आएको छ ।

यही आवश्यकतालाई आत्मसात गर्दै मुलधारको मानिएको काँग्रेस र कम्युनिष्ट कित्ता देखी अलगै तेश्रो धारको सद्भावना पार्टीको माध्ययमबाट खास गरेर शोषण उत्पिडनमा पारिएका जनताहरुको अधिकार र पहिचानको लागि निरन्तर आन्दोलन गर्दै आएका राजेन्द्र महतोले हिमाल, पहाड, तराई, मधेसका मधेसी, दलित, आदिवासी जनजाति, थारु, मुसलमान, अल्पसंख्यक लगाएतका अधिकारवादी र पहिचानवादीहरुले अव छुट्टा छुट्टै आन्दोलन गरेर सफलता प्राप्त गर्न नसकिने देखिएकोले एउटै मार्चामा आवद्ध भइ राष्ट्रिय मुक्ति आन्दोलनको विकल्प नरहेको कुरा सार्वजानिक रुपले स्वीकार गरेको छ । उहाँले संसदको तश्रो अधिवेसनलाई प्रारम्भमा संबोधन गर्दै आफ्नो मत यसरी जाहेर गरेको छन्, "जातिय विभेद यति चरम उत्कर्षमा पुगेको छ की सर्घषरत आन्दोलनकारीको पनि मापदण्ड जातिय आधारमा हुने गरेको छ । एउटा खास जाति समुदायका केपी ओली र प्रचण्डले गरेको विगतको आन्दोलन क्रान्तिको निमित्त हुने र सत्ताको शिखरमा पुग्ने तर अर्को उत्पिडनमा परेको समुदायले आन्दोलन गर्दा आजीवन जेल सजाय भोग्नु परेको अवस्था छ ।" यो विश्वभरिका औपनिवेसिक राज्यधारी शासक सभ्रान्तहरुको "Blaming the

victim" नीतिकै निरन्तरता हो । उनि थप प्रष्ट पार्दै भन्दछन्, "अधिकार र पहिचानको यो लडाई अव छुट्टा छुट्टै लडेर न अधिकार पाउने न आफ्नो पहिचानको सवाललाई नै बचाउन सक्ने भयो । त्यसैले देशका सम्पूर्ण शोषित, पिडित, सीमान्तकृत समुदाय चाहे मधेसी होस, आदिवासी जनजाति होस या दलित होस, सवैले राज्यसत्ता विरुद्ध एकजुट भएर संघर्ष गर्नुको विकल्प छैन । अव पनि एक भएनौं भने राज्यसत्ता र शासक वर्गले हामी पीडित समुदायलाई नियम कानुन ऐन लगाई अड्डा अदालत मार्फत जेलमा कोच्दै जानेछ र हाम्रो आन्दोलनलाई समाप्त पार्ने षड्यन्त्र गरि रहनेछ ।"

## ३. स्वःप्रवृत्ति तथा चेतनाः
## जनताको स्वःप्रवृत्ति तथा अग्रदस्ताको चेतना ।

(क)

माथि नै उल्लेख गरियो कि, राष्ट्रिय मुक्ति आन्दोलनको सवाल भनेकै राष्ट्रिय उत्पीडनको सवाल हो र यो सिधै व्यक्तिको हृदय नाता *(Soul Affinity)* सँग जोडीएको हुन्छ जुन व्यक्तिमा राष्ट्रिय "स्वःप्रवृत्ति र चेतना" विकासको कारक बन्दछ । यस बिषयमा हिजोका दिनहरुमा केही स्पष्ट गर्न प्रयास त गरिए तर, राष्ट्रिय उत्पीडनको सवाल बुझ्ने ज्ञान कुन होला? राष्ट्रिय उत्पीडनको चरित्र के हो? यसको बन्बात्मकतालाई स्वीकार गर्न सकिने हो कि होइन? आदि प्रश्नहरुको चाँङ छ । स्वायत्तताको आधारमा आफ्नो जीवन व्यवस्था गर्ने राष्ट्र (जाति) को अधिकार रहन्छ । त्यसको अलग रहने अधिकार पनि रहन्छ । आत्मनिर्णय सम्बन्धि दफाको अर्थ अनुसार, त्यसो गर्न उनीहरुलाई पूर्ण अधिकार छ । तर, यी समस्याको समाधान सम्बन्धित राष्ट्र (जाति) रहने ठोस ऐतिहासिक अवस्थाहरुमा निर्भर गर्दछ । अर्को कुरा, समाज गतिशिल हुने हुँदा अन्य सबै चीज झैं अवस्थाहरु समेत फेरिन्छन् र एक खास समयमा सही हुने फैसला अर्को समयमा एकदमै असुहाउँदो सावित हुन सक्छ । कुनै खास राष्ट्र (जाति)ले आफ्नो जीवनको कुन किसिमले व्यवस्था गर्नुपर्छ र त्यसको भावी संरचना कस्ता रुपहरु लिनुपर्छ भन्ने सवालको एक मात्र जवाफ सो राष्ट्र (जाति)का आर्थिक, राजनैतिक तथा सामाजिक–साँस्कृतिक अवस्थाहरुले प्रस्तुत गर्छन् । प्रत्येक राष्ट्र (जाति)का लागि सो सवालको विशिष्ट समाधान चाहिने हुन्छ । यदि कुनै सवालप्रति बन्बात्मक दृष्टीकोणको खाँचो छ भने यहाँ राष्ट्रिय

सवालमा त्यसको खाँचो छ । विश्वका कुनै पनि मानव समूह जो हाल पर्यान्त राज्य औपनिवेशिकताको पहिलो सिकार हुँदै आएका छन्, ति तमाम मानव समूहहरुमा स्वतन्त्रता र मुक्तीको निमित्त संघर्षमा उत्प्रेरित गर्ने "राष्ट्रिय चेतना" को बिकास कसरी हुन्छ? या हुँदैछ? उनिहरुले आफ्नो राष्ट्रिय पहिचानलाई कसरी दृढतापूर्वक पुष्टी गर्दछ? राष्ट्रिय सवालमा "स्वःप्रवृत्ति र चेतना"को निरिक्षण कसरी गर्ने? कुन विज्ञानद्वारा गर्ने? यस्ता महत्वपूर्ण दार्शनिक सवालको हल नगरिकन गरिने आन्दोलनहरुले केही लाभ त होला तर, राज्यको औपनिवेशिक चरित्र पुरै ध्वंश भने कदापी गर्न सकिन्न ।

(ख)

प्रकृति नै मानव ज्ञानको मूल स्रोत हो । पूर्विय दर्शनहरूमा साँख्या दर्शन अनुसार पुरुष र प्रकृतिको द्वैतावस्था विध्यमान हुन्छ जहाँ, जवपुरुष प्रकृतिको नियन्त्रणमा रहन्छ तब त्यहाँ अहंकार(म) उत्पन्न हुन्छ जसले वुद्धीको सहायताद्वारा कार्य गर्दछ । मान्छे त्यही जीव वा अहंकार(म) हो जसले बुद्धीको सहायताले कार्य गर्दछ । तर यहाँ हामी सहजै बुझ्न सक्दछौं कि प्रकृतिको उपस्थिती बिना पुरुष मात्रले जीव उत्पन्न हुँदैन । सांख्या दर्शन बैतवादी दर्शन हो । पूर्विय दर्शनमा वेदान्त दर्शन भने अद्वैतवादी दर्शन हो किनकी यसले चेतना मात्रको अस्तित्व स्विकार गर्दछ (प्रकृति) मात्र होइन जीवको अस्तित्वलाई पनि नकार्दछ । चारवाकले भने ठीक उल्टो जड(प्रकृति) मात्रलाई स्विकार गर्दछ र चेतनाको अस्तित्वलाई पुरै नकार्दछ । बौद्धहरुको निमित्त यि सबै अतिवाद हुन र अतिवादले यथार्थ बोध हुँदैन । उनिहरुको निमित्त न चेतना, न जड, दुबैको परमार्थ अस्तित्व छैन र जे छ कार्य-कारण मात्र छ ।

(ग)

विज्ञानले पनि कुनै घटना वा वस्तु (फेनोमेनन)को अध्ययन गर्दा त्यसको कार्य-कारण कै सुक्ष्म अवलोकन गर्ने हो । यसरी प्राकृतिक तथा सामाजिक घटना तथा वस्तुहरू (फेनोमेना)को अध्ययन गर्दा कार्य-कारणको सुक्ष्म अवलोकन हुनु अनिवार्य हुन्छ । यस सम्वन्धमा पूर्विय दार्शनिकहरुमा आचार्य नागर्जुनद्वारा प्रतिपादित "प्रतित्यसमुत्पादवाद" र पश्चिमी दार्शनिक जर्ज विल्हेल्म फेडरिक हेगेलकाद्वारा प्रतिपादित "द्वन्द्ववाद" मा धेरै समानता रहेको छ । प्रतित्यसमुत्पादवाद अनुसार कुनै पनि वस्तुको स्व-भाव(अर्थात स्व-अस्तित्व)

हुन्न वा भेट्टाईन्न । वस्तुको स्व-भाव निषेद नै वस्तुको “शून्यता” हो अर्थात शून्यताको अर्थ वस्तुको रूप(भाव) कै निषेद होइन जुन साधारण बुझाईमा देखिन्छ । वस्तुको सापेक्षित रूप(भाव) हुन्छ तर निर्पेक्षमा यो स्व-भाव शून्य हुन्छ । वस्तुको रुप(भाव) र शून्यतालाई छुट्टयाउन सकिन्न (यद्रूपं सा शून्यता या शून्यता तद्रूपं) । नागर्जुन तर्क गर्दछ कि यदि वस्तु परमार्थत स्व-भावयुक्त हुँदो हो त कार्य-कारणको कुरा वेतुकको हुन्थ्यो । यदी जल साँच्चिकै “जल” हुँदो हो त हामीले त्यसको कार्य-कारणबारे चिन्तन गर्नु वेतुकको कुरा हुन्थ्यो । जल साँच्चिकै जल होइन त्यसैले हामी जलको कार्य-कारणबारे चिन्तन गर्छौं र जल दुई भाग हाइड्रोजन तथा एक भाग अक्सिजनको रसायनिक प्रकृयाबाट बन्ने कुराको ज्ञान पाउँछौं । त्यसरी नै यदि बुद्ध साँच्चिकै “बुद्ध” हुँदो हो त बुद्धको कार्य-कारण वेतुकको कुरा हुन्थ्यो र विपस्यना-समथ विज्ञान हुने नै थिएन । त्यसैले बुद्ध समेत परमार्थमा “बुद्ध” होइन । बौद्ध दर्शन अनुसार मानिसको साधारण हेराई र बुझाई कुनै पनि वस्तु तथा घटनाको प्रथमास्था( रूप) को वोधबाट शुरु हुन्छ तर जब त्यस वस्तुको स्व-भाव(कार्य) सम्वन्धी कारण(हेतु)को खोजी हुन्छ तब प्रत्येक क्षण प्रथमास्था निषेद हुन्छ र अन्त्यमा कुनै पनि वस्तु स्व-भाव शून्य हुन्छ । वस्तु वा घट्नाको पूर्वास्था भित्र त्यसको निषेद सामर्थ्य रहन्छ तर सामर्थ्य गतिवान वा प्रभावी हुनको निमित्त उचित अवस्था(प्रत्यय)को जरुरी हुन्छ । ‘कारण’ सामर्थ्य उचित ‘अवस्था’ बिना आफै ‘कार्यग उत्पादन गर्न असमर्थ हुन्छ । बौद्ध दर्शनमा कारणलाई ‘हेतु’ अवस्थालाई ‘प्रत्ययग र कार्यलाई ‘फलग भन्दछ । ‘फलगको निमित्त ‘हेतु’ जति महत्वपूर्ण हो त्यतिनै महत्व ‘प्रत्यय’ को पनि हुन्छ । त्यसरी नै हेगेलको द्वन्द्ववाद अनुसार वस्तु वा घट्ना भित्र जहिल्यै पनि दुई विपरित तत्वहरु विध्यमान हुन्छ । प्रत्येक वस्तु आफैमा विपरितार्थ वा आफै भित्र विरोधाभासपूर्ण हुन्छ । विपरित्ता सम्पूर्ण गति र जीवनको मुल्यमा रहेको हुन्छ र यो मात्र सत्य हो कि जहाँ सम्म विपरित रहन्छ कुनै वस्तु चल्दछ र मनोवेग र गतिविधि प्राप्त गर्दछ । विपरित नै वस्तु वा समाज आफ्नै (प्रथम अवस्थाको) निषेध हो जुन विपरित विचको द्वन्द्वबाट उत्पन्न हुने तेश्रो अवस्था हो । यहाँ पनि विचको (वस्तुगत) अवस्था ज्यादै महत्वपूर्ण रहन्छ । विपरित विचको द्वन्द्वमा एकले अर्कोलाई निषेद गर्ने होइन जुन साधारण बुझाईमा हुन्छ बरु त्यसबाट विशिष्ट संयोगको तेस्रो अवस्था उत्पन्न हुन्छ जसले प्रथमावस्थालाई निषेद गर्दछ । निर्जीव वस्तु, सजीव प्राणी तथा समुच्च समाज परिवर्तनमा यहि नियम लागु हुन्छ ।

(घ)

राजनीतिमा जीवनको अन्य पक्षहरुमा भन्दा ज्यादा निश्चित दार्शनिक सूत्रको आलोकमा राजनितिज्ञले स्वयंलाई निरिक्षण गर्नु पर्ने हुन्छ । अन्यथा, आफुमा ज्ञानोदय(उद्बोधन) हुन्न र जब आफुमा ज्ञानोदय हुन्न स्वयं मुक्त हुन्न । जो आफै मुक्त छैन अरुलाई मुक्ति दिन सकिन्न । यदि, मुक्ति फल हो भने त्यसको हेतु र प्रत्यय के होला? र, जो पर-मुक्तिको निमित्त हेतु बन्न चाहन्छ उसको निमित्त स्व-मुक्तिको हेतु के होला? प्रत्यय के होला? स्व-मुक्तिको हेतु ज्ञान(वा तर्क)द्वारा स्थापित सत्य बुझ्नु, मान्नु वा धारण गर्नु हो भने त्यही सत्य नै पर-मुक्तिको हेतु पनि हो, किनकी जुन सत्यमाथि मानिसहरू संकथनको निमित्त सहभागिता जनाउँदछ तब त्यहाँ शक्ती उत्पन्न हुन्छ र शक्तिले सत्ता लिन्छ यसर्थ “जसको ज्ञान उसको शक्ति, जसको शक्ति उसको सत्ता” फ्रान्सेली दार्शनिक मिसेल फुको (सन १९२६-८४) तर्क गर्दछ, “राजनितिज्ञले जहिल्यै पनि ज्ञान वा तर्कद्वारा एउटा नयाँ सत्य स्थापित गर्दछ, जब त्यो सत्यमाथि संकथन(डिस्कोर्स) हुन्छ तब त्यहाँ शक्ति उत्पन्न हुन्छ जुन शक्तिले सत्ता धारण गर्दछ ।” तर संकथनको निमित्त जनतामा पुग्नुपर्छ र जनतामा पुग्नको निमित्त माध्यम (संगठन) चाहिन्छ । यसर्थ जनता पनि संगठन पनि प्रत्यय मात्र हो, कारण होईन । यदी हामीमा विशुद्ध ज्ञान वा तर्कद्वारा स्थापित सत्य रुपी हेतु छ भने स्वभाविक रुपले संकथन (कृया-प्रतिकृया) को निमित्त जनता र संगठन रुपी प्रत्यय तयार हुनेछ फलस्वरुप मुक्ति रुपी सत्ताको फल प्राप्त अवश्यमेव हुनेछ । यसर्थ राजनीतिमा नयाँ शक्ति र सत्ताको निमित्त आफ्नै ज्ञान निर्माण प्रथम सर्त बन्दछ । अब हाम्रो ज्ञान के हो? उदारवाद या मार्क्सवाद? होइन, हाम्रो आफ्नै समुच्च ज्ञान छ जसलाई हामी स्व-देशवाद (ईण्डिजिनिज्म) भन्छौं किनकी हामी हाम्रा आफ्नै मूल ज्ञानको कुरा गर्छौं, जरोको कुरा खोज्छौं । हामी उदारवादी होइनौं र मार्क्सवादी पनि होइनौं यसर्थ हामी क्यपिटलिष्ट वा कम्युनिष्ट होइनौं । हामी ईण्डिजिनिष्ट हौं ।

(ङ)

उपरोक्त कुरालाई ध्यानमा राखेर हामीले राष्ट्रिय सवालको समाधान गर्ने एउटा ज्यादै व्यापक ज्ञान निर्माण गर्नु पर्दछ । त्यो ज्ञानको समुच्च अभिव्यक्ती हो ईण्डिजिनिजम । अब, यहाँ त्यही नयाँ ज्ञान वा तर्क “इन्डिजिनीजम,” जसले विश्वमा परम्परागत उदारवाद र मार्क्सवादले उद्बोधन गर्न असमर्थ नयाँ ज्ञान

र चेतना उद्‌बोधनको लहर ल्याएको छ जुन लहरले साधारण मानव मस्तिष्कमा (राष्ट्रिय) पहिचानको स्वःप्रवृतीभाव मात्र जगाउने होइन विश्वका विशाल ज्ञान केन्द्रहरुमा तार्किक ज्ञान निर्माणमा समेत बलियो पकड जमाएको छ । ईभाम्यारी ग्यारोट भन्छनः

"ज्ञानमाथिको स्व-देशी अवधारणालाई स्विकार गरेर परम्परागत प्राज्ञ वा अनुसन्धाताहरूले हाल उनीहरूलाई जहाँ उनीहरूले कार्य गर्ने वौद्धिक फ्रेमवर्कहरूको सिमाको कारण थाहा नभएको र थाहा पाउने कुनै विधि नभएको कुराहरू पत्ता लगाउन सकिन्छ । अमेरिकी ईन्डिजिनस (र अन्य ईन्डिजिनस) दर्शनहरूले संसार र यस भित्रका सम्बन्धहरू बारे सोंच्ने पूरै नयाँ बाटाहरू प्रस्तुत गर्दछ, र नयाँ बाटाहरू संधै आई रहँदैनन । कार्ल मार्क्सले समाज विज्ञानहरूलाई त्यस्तो एक फ्रेमवर्क दियो । सिग्मन्ड फ्राईड्ले अर्को उपलब्ध गरायो । प्राज्ञिक क्षेत्रले यी (दुई) प्राज्ञ वा अनुसन्धाताहरूको काम पश्चात संसारलाई त्यस्तै तरिकाले कहिल्यै हेरेनन । यसकारण तिनिहरू समेत जो कि यिनिहरू सहि थिए भन्ने सोँच्दैनन, अझै मान्दछनः उनीहरू तेजिला थिए । म यो पेश गर्दछु कि र्‍याडिकल इन्डीजिनिज्मले ठिक ढँगले पछ्याएमा, विचार गर्ने विधिहरूलाई प्रष्ट्याउने संभावना बोकेको छ जसले यिनि दुई आधुनिक "पश्चिमी" विचारकहरूले गरेका भन्दा बढि ठोस रूपले हाम्रो संसार र त्यस भित्रका सबै बिषयहरूको बुझाईलाई पुनःसंरचना गर्ने छ ।"[vi](नेपाली राष्ट्रिय मुक्ति क्रान्तिको राजनीतिक कार्यदिशा)

हाल विश्वमा मानवमात्रले आफ्नो मूल ज्ञानको खोजी शुरु गरेको छ परिणामतः तथाकथित उदारवाद र मार्क्सवादको वैज्ञानिकता वा तार्किकताको आधारमा आधुनिक राज्य प्रायोजित "वैज्ञानिक मानव" बनाउने योजना असफल भएको छ किनकी यो योजना अन्ततः संवेदनहीन "यान्त्रिक मानव" निर्माण गर्ने उच्छेदवादी (नाहिलिष्ट) अतिवादमा फस्यो जहाँ राज्य संभ्रान्त (जाति, जात-वर्ण र वर्ग) को अधिनायकवादी आकंक्षा शुसुप्त छ, जो मानवलाई फगत संवेदनाहीन यन्त्र बनाउँन चाहन्छ र आफु नियन्त्रित बजारको उपभोक्ता मात्र बनाउँदछ । जहाँ "ब्ल्याकवाटर" जस्तो निजि कम्पनी मार्फत युद्धको वस्तुकरण गरिन्छ र मानव जीवनको अति यान्त्रिकीकरणबाट सृजित अलग्गाव भावको उपचार गर्नुको बद्‌ला उनीहरूको हातमा स्वचालित हतियार दिईन्छ र

सिरियल किलर बनाईन्छ । त्यसरी नै अति अलग्गाव भावबाट उत्पन्न वैराज्ञताबाट एक्लिएका मान्छे जो कोही अन्य मान्छेसँग संसर्ग हुन ईन्कार गर्दछ, त्यस्तो एकलपनको मानविय उपचार खोज्नु भन्दा उनिहरुको वैराज्ञ र एक्लोपनलाई पनि वस्तुकरण गर्दै बजारमा यौन खेलौनाहरु उत्पादन गर्छन र उनिहरुलाई ब्रिक्री गर्दै नाफा निचोर्दछ । यस्तो संवेदनाहिनताको शिकार प्रथम विश्व भनिएको मुलुकहरुमा ज्यादा देखिनु साह्रै बिचारणिय बिषय हो । तर दोश्रो वा तेस्रो विश्व भनिएका हाम्रा समाजका नेता तथा वुद्धीजीवीहरु त्यही तथाकथित प्रथम विश्व भनिएका समाजलाई मानक बनाउँदै जनतालाई विकास र समृद्धिको सपना बाँढ्दै हिंड्नु बढो उदेक लाग्दो कुरा भएको छ ।

(च)

विश्वका राज्यधारी सम्भ्रान्तहरूले भनि आएका लोकतन्त्र, सामाजिक न्याय तथा मानव अधिकार उनीहरूको अधिनायकत्व जायज ठहऱ्याउने तर्कमात्र हुँदै आएको छ, जसको निमित्त उनिहरुले राज्यलाई औपनिवेशिक हतियारको रुपमा प्रयोग गर्दै आएको छ । मानवशास्त्री हरी शर्मा लेख्छन:

“मान्छेको वैचारिक द्वन्द्व स्वतन्त्रता प्राप्तितर्फ लक्षित रहन्छ र यही स्वतन्त्रता निम्ति राज्य निर्माण हुन्छ भन्ने हेगलको मान्यता थियो.....उनको दृष्टिमा राज्य भनेको स्वतन्त्रताको उत्कृष्ट समागम हो । विभिन्न परिस्थितिबाट गुज्रिएर आएको मानव सभ्यताले स्वतन्त्रता प्राप्त गर्ने उत्कृष्ट माध्यमका रूपमा राज्य रचना गर्छ ।”[vii]

विश्वका राज्यवादीहरु उपरोक्त हेगेलको राज्य सम्बन्धी अवधारणालाई आधार मान्दै विश्व मानव समाजको उचित व्यवस्थापन, संवर्द्धन तथा सुरक्षाको निमित्त आधुनिक राज्यको अपरिहार्यतालाई पुष्टी गर्दै आएका छन । तर प्रश्न उठ्छ के आधुनिक राज्यहरुले वास्तवमै यि कामहरु गर्दै आएका छन त? आधुनिक राज्यको उद्‍गमसंगै राज्यवादको विपक्षीहरुले राज्यको हस्तक्षपकारी, दमनकारी तथा औपनिवेसिक चरित्रलाई स्वतन्त्रताको मुख्य बाधक तत्व मानि आएको छ । यसर्थ अराजकतावादीले मात्र हैन समाजवादी तथा उदारवादीहरु समेत राज्यको भूमिकालाई क्रमैसंग निषेध गर्दै लैजाने र अन्ततः राज्य विलोपीकरण लक्ष्य राख्दछ । गहिरो गरेर हेर्दा आधुनिक पुँजिवादी व्यवस्था र

त्यससंगै विकास भएको मानविय ज्ञान, विज्ञान तथा प्रविधीको पछाडी राज्य औजारको मुल भूमिका रहेको छ । तथापी मानव स्वतन्त्रताको सवालमा राज्य तथा राज्य संयन्त्रहरु लोकतान्त्रिक व्यवस्थामा समेत तटस्थ तथा न्यायोचित हुन नसकेको तितो यर्थाथ छ । अझ मुट्ठीभरका राज्य संभ्रान्तहरुले विकसित ज्ञान, विज्ञान, प्रविधी तथा हातहतियार माथी कब्जा जमाएर कमजोरहरु विरुद्ध थप हस्तक्षेप, दमन तथा औपनिवेसिकता लाद्न सफल हुदै आएको छ । यस बिच लोकतन्त्रका मान्यताले राज्यको चरित्र बदल्न हेतु लोककल्याणकारी राज्य, समावेशी राज्य आदि अवधारणाहरु अगाडी सारे । तथापी राज्यको दमनकारी, हस्तक्षेपकारी तथा औपनिवेसिक चरित्र कम हुनुको सट्टा अझ मजबुत हुदै आएको छ जसले गर्दा पूर्ण लोकतन्त्र स्थापना हुन सकेन ।

(छ)

यस सम्बन्धमा सवै भन्दा महत्वपूर्ण सवाल आधुनिक राज्यहरुको वैधता सम्बन्धी सवाल रहेको छ । यो सवाल विश्वका राज्यविहिन राष्ट्रहरुले प्रखर रुपमा उठाउदै आएको छ । उनिहरु वास्तवमा आधुनिक राज्यहरुलाई अवैध मान्छन । किनकी आधुनिक राज्यहरुको जन्म नै विश्वका स्वतन्त्र प्राकृतिक मानव समूहहरु माथि हिंसात्मक अतिक्रमणद्वारा ज्ञानसंहार, जातिय संहार, तथा कयैन अवस्थामा नरसंहार गर्दै स्थापना भएको हो । यस सम्वन्धमा प्रा. ग्रहाम ई. फलुर दावी गर्दछन कि,

“वर्तमान अस्तित्वमा रहेको राज्य सिमारेखाहरू सहितको अन्तर्राष्ट्रिय व्यवस्था जुन मुलतः त्यहाँका बासिन्दाहरूको जातिय तथा साँस्कृतिक चाहनाहरूलाई किंचित वास्ता नगरि खिचिएको थियो, ती (सिमारेखाहरू) सारमा अप्रचलित भैसकेको छ ।”[viii]

यसर्थ राज्यवादीहरुले राज्यको आपरिहार्यता स्थापित गर्न गरेको तर्कहरु नैतिकहीन, मुल्यहीन तथा अमानविय, अधिनायकवादी र औपनिवेसिक रहेको छ । यस क्रममा राज्यवादको विपक्षी स्वतन्त्र पक्षधरहरुले राज्यको नकरात्मक चरित्र उदाङ्गो पार्दै ल्याउँदा राज्यवादीहरुले विभिन्न सैद्धान्तिक वर्को जस्तैः उदारवाद र मार्क्सवादको आवरणमा राज्यको नकारात्मकतालाई छोप्ने र सम्पूर्ण राज्यको कुकृत्यहरुलाई वैधता दिलाउने प्रयत्न हुँदै आयो ।

(ज)

फलतः हिजोका सामन्तवादी राज्य र आजको आधुनिक राज्यबाट सयौं वर्षदेखी उत्पिडित राज्यविहिन राष्ट्रहरुले २० औ शताब्दीको अन्तिम दशक देखी राष्ट्रिय चेतनाको हतियारद्वारा राज्य औपनिवेसिकता विरुद्ध राष्ट्रिय मुक्ति क्रान्तिको निमित्त राष्ट्रिय संघर्षको शंखघोष गर्दै आएका छन । यस बेला राष्ट्रिय मुक्ति क्रान्तिमा लामबद्ध विश्वका राज्यविहिन राष्ट्रहरु माझ उच्च राष्ट्रिय चेतना विकासको सवालले धेरै महत्व राख्दछ । सयौं वर्षको ज्ञानसंहार, जातियसंहार, नरसंहार र औपनिवेसिकताद्वारा दविएका, थिचिएका र राज्यको अधिनस्तता स्विकार गर्न बाध्य पारिएका राज्यविहिन राष्ट्रहरुका जनताहरुले हाल आफुहरुलाई हामी को हौ? भन्ने प्रश्न गरि रहेको छ । यो प्रश्नको उत्तर खोज्ने वेलामा उनिहरुले सर्वप्रथम हामी को होइनौं? भनि पत्ता लगाउनु अनिवार्य भएको छ । यहाँ राष्ट्रिय चेतना विकासको सवालमा कार्य-कारणको सुक्ष्म अवलोकन गर्दा त्यस भित्र अर्न्तनिहित द्वन्द्वात्मकताको उद्घाटन हुन्छ । दार्शनिक रुपमा प्रकृति तथा समाजमा घटित घटना परिघटनाहरुको अनुसन्धान गर्दा हाल विश्वभरिका समाजहरुमा राष्ट्रिय जागरणको जुन लहर उठेको छ, त्यसले आफ्ना विस्मृत गराएका गौरवशाली इतिहासलाई पूनःस्मृति गर्दै विशिष्ट राष्ट्रिय पहिचानको अभिपुष्ठी गर्दै रहँदा द्वन्द्ववादको नियम अनुसार कुनै पनि कुरा अभिपुष्टी हुनको निमिक्त निषेधको निषेध नियम लागु हुनु अनिवार्य ठहर्दछ । त्यसकारण विस्मृतिमा रहेको राष्ट्रिय इतिहासहहरुको स्मृति गर्दै हामी को हौ ?भन्ने अभिपुष्टी सुचक प्रश्न मस्तिष्कमा उठिरहंदा सर्वप्रथम हामी को होइनौं? भन्ने निषेधात्मक प्रश्न मस्तिष्कमा अनिवार्य उठ्दछ । किनकी, हामी को हाै? भन्ने प्रश्नको उत्तर प्राप्त गर्नु अगाव हामी को होइनौं? भन्ने निषेधात्मक प्रश्नले गरिने निषेध महत्वपुर्ण वा अनिवार्य हुन पुग्दछ ।

(झ)

त्यसरी नै पुँजीवादी भुमण्डलिकरणको दिगिय-कालिक सापेक्षतामा कुनै गैरपश्चिमी समाज भित्र जसै "आधुनिकिकरणको गति बढ्दै जान्छ, पश्चिमीकरणको दर भने घट्दै जान्छ" र स्व-देशीसँस्कृति एक ढँगले पुनःउत्थान हुँदै जान्छ । झन् अधिक आधुनिकिकरणले तत्पश्चात सभ्यताको सन्तुलनलाई पश्चिम तथा गैरपश्चिम समाजमा बदल्छ र स्व-देशी सँस्कृति तर्फको वचनवद्धतालाई बलियो बनाउँछ । परिवर्तनको प्रारम्भिक चरणहरूमा

यसरी पश्चिमिकरणले आधुनिकिकरणलाई बढाउँछ । तर त्यसको पछिल्लो चरणमा आधुनिकिकरणले अ-पश्चिमिकरणलाई बढाउँछ र दुई किसिमबाट स्व-देशीसँस्कृतिको पुनःउदयलाई बढाउँछ । (१) सामाजिक तहमा आधुनिकिकरणले सम्पूर्ण रूपले समाजको आर्थिक, सैन्य, र राजनितिक शक्ति विकास गर्छ र त्यो समाजको मानिसलाई उनिहरूको सँस्कृतिमा विश्वस्त बनाउँछ र साँस्कृतिक रूपमा ठोकुवा गर्ने बनाउँछ । (२) व्यक्तिगत तहमा आधुनिकिकरणले जसै परम्परागत सम्बद्धताहरू तथा सामाजिक सम्बन्धहरू टुट्छ (मानिसमा) विमुखता र तिरस्कृत भावनालाई पैदा गर्छ र पहिचानको समस्या तर्फ डोऱ्याउँछ जसको लागि एउटा समाधान धर्मले उपलब्ध गराउँछ ।[ix]

प्रा. स्यामूयल पी. हन्टिब्टन्ले कसरी आधुनिकिरणले प्रारम्भमा पश्चिमीकरणलाई बढवा दिन्छ र जब आधुनिकिकरणले व्यक्ति तथा समाज सामर्थ्यवान हुन्छ तत्पश्चात त्यसैको बलमा कसरी व्यक्ति तथा समाज अ-पश्चिमीकरण तर्फ बढ्छ र आ-आफ्नो संस्कृति तथा राष्ट्रिय पहिचानको पुनःउत्थान गराउँछ भन्ने देखाएको छ । परिणामस्वरूप मानिसहरूले आ-आफ्नो पुरानो सभ्यतालाई पुनर्जीवन दिने क्रममा कसरी विश्वराजनितिलाई उपयोग वा प्रभाव पारेको छ र त्यसरी नै स्थानिय तहमा सभ्यताहरू कसरी जातियतासँग जोडिन्छ भन्ने देखाउँछ ।(नेपाली राष्ट्रिय मुक्ति क्रान्तिको राजनीतिक कार्यदिशा)

(ञ)

हाल विश्वभर मानविय पहिचानले लोकतन्त्रको तीन आयामहरु स्वतन्त्रता, समानता तथा आत्मासम्मान मध्य तेस्रो आत्मासम्मान या गौरवको बिषयलाई उजागर गरिदिएको छ । यो सिधै अस्तित्व र पहिचानसँग जोडिएको छ । उत्तरज्ञानोदय विश्वमा प्रारम्भिक मानविय कार्यहरू स्वतन्त्रता प्राप्तिको निमित्त केन्द्रित थियो जसको निमित्त मानिसहरुले उदारवादको दार्शनिक आलोकमा धेरै ठुला लोकतन्त्रिक परिवर्तनहरु प्राप्त गऱ्यो । जब मानिसहरु स्वतन्त्र भएको अनुभूत भयो उनिहरुले आफ्नो भाग्य आफै निर्माण गर्ने स्वतन्त्रता पनि पायो । परिणामतः व्यक्ति तथा समाजको उत्पादकत्व क्षमतामा अधिक बढोत्तरी भयो । उत्पादित वस्तु तथा सेवाको क्रयविक्रयको निमित्त स्वतन्त्र वजार निर्माण भयो । बजारले वस्तुको क्रयविक्रयबाट वस्तु मूल्यको अलावा अधिक मूल्य निर्माण

गऱ्यो जस कारण समाजमा ठुलो असमानताको रेखाहरु कोरिए । ति असमानताको रेखाहरु मेटाउनको निमित्त ज्यादातर मानविय प्रयत्नहरु केन्द्रित भयो जसले सामाजिक लोकतन्त्रको अवधारणा बिकास गरायो । सामाजिक लोकतन्त्र स्थापनार्थ संसार भरी कम्युनिष्ट तथा समाजवादी दलहरुले ठूलोठुलो वर्गसंघर्ष चर्कायो । तर, सन् १९९० को दशक पश्चात विश्वमा माथिका तीन आयामहरु मध्य आत्मासम्मान वा गौरव स्थापनाको आयाम प्रखर भएर आयो । परिणामत: राजनीतिमा मानिसले वैयक्तिक स्वतन्त्रता वा वर्गिय नाताको आधारमा सहभागी हुने पुराना उदारवादी तथा मार्क्सवादी नमुनाको अन्त्य भई राष्ट्रिय(जातिय) अनुबन्धको आधारमा सहभागी हुने क्रमको सुरुवात भयो । यसले विश्वभरिका प्राकृतिक मानव समूहहरु(राष्ट्र वा राष्ट्रियताहरु)को आफ्नै वडि पलिटिक प्रभावि भएर आयो । जसले सेकुलर राज्य निर्माणको आधारमा विकास गरेको उदारवाद तथा मार्क्सवादले राजनीतिक विचारहरुको केन्द्रिकरण व्यक्ति र वर्गमा गर्नको लागि गरेको विगत पाँच सय वर्षको प्रयास अन्तत: असफल भयो र प्राकृतिक रुपमा रहेको राष्ट्रको अनुबन्धमा केन्द्रिकृत भयो ।

(ट)

विगत सन् १९९०को दशक देखी यताको नयाँ विश्वमा जनताहरु चाहे शासक हुन या शासित सम्पूर्णले कुनै न कुनै रुपमा आफ्नो वंशिय नाता र राष्ट्रिय अनुबन्धलाई नै आफ्नो सम्पूर्ण सामाजिक-सांस्कृतिक, राजनैतिक तथा आर्थिक पहलहरुको मुख्य आधार बनाउँदै आएका छन् । अबको उत्तरआधुनिक विश्व समाजमा मानिसले उदारवादबारा प्रवर्द्धित तार्किक मानव बनाउने योजना र मार्क्सवादद्वारा प्रस्तावित वर्ग सम्बन्धसंग पूर्णरुपेण सम्बन्ध तोड्दै स्वत:स्फुर्त राष्ट्रिय पहिचान र चेतना निर्माण गर्दैछ । यसले संसारभर राष्ट्रिय मुक्तिको चौथो लहर ल्याएको छ । जसबाट आज कोही पनि अछुत छैन । यस प्रशंगमा हामीले मानिसमा उत्पन्न हुने राष्ट्रिय स्व:प्रवृति तथा चेतना (स्पन्टेनीटि एण्ड कन्सिअसनेस) निर्माणको बहावलाई सुक्ष्म रुपमा अवलोकन गर्न जरुरी छ । यो बहावमा अधिकतम राज्यद्वारा उत्पिडित राज्यविहिन राष्ट्रहरुका जनताले सहभागिता जनाइरहेको छ । यसरी उत्पिडित राष्ट्रहरु भित्रका सदस्यहरु माझ प्रारम्भमा राष्ट्रिय स्व:प्रवृतिको विकास सर्वत्र भएको देखिन्छ । जसले राज्यविहिन राष्ट्रहरु भित्रका सदस्यहरुलाई एनजिओ चेतना विकाससम्म सहजै ल्याएको छ । यसको मतलव राज्यविहिन राष्ट्रका सदस्यहरुले विभिन्न

अधिकारमुखि एनजिओमा आवद्ध हुँदै राज्यसंग किस्तावन्दिमा सुविधा वा लाभ प्राप्त गर्ने निम्न पूजिवादी वर्ग चरित्रको आन्दोलनहरु चलाउँदै आएका छन । यसबाट उनिहरुले किस्ता किस्तामा राज्यद्वारा दिने सुविधा जस्तैः आरक्षण वा कोटा प्राप्त त गर्दछन तर उनिहरुको आन्दोलनले राज्यको औपनिवेशिक चरित्रलाई पुरै ध्वंस गर्ने राष्ट्रिय मुक्ति क्रान्ति सफल पार्न भने असम्भव प्रायः हुन्छ । यसको निमित्त राज्यविहिन राष्ट्रहरुका सदस्यहरु माझ राष्ट्रिय स्वःप्रवृतिको बदलामा राष्ट्रिय चेतना विकास हुन अनिवार्य हुन्छ किनकी राष्ट्रिय चेतनाको विकास विना राज्यत्वको दावी सम्भव हुन्न । त्यसरी नै राज्यविहिन राष्ट्रहरुले राज्यत्वको दावी सफल नबनाएसम्म उनिहरुको मुक्ति सम्भव छैन । यसर्थ उनिहरु माझ राष्ट्रिय चेतना विकास हुनु राष्ट्रिय मुक्ति क्रान्तिको निमित्त पहिलो सर्त हुन आउँछ ।

(ठ)

अव, प्रश्न उठ्छ कि, हामीहरु माझ राष्ट्रिय चेतनाको विकास कसरी हुन्छ? यो एक दार्शनिक सवाल हो । साधारण तर्कले यो सवालको हल गर्न सकिदैन । यसको निमित्त जीवन-जगतलाई हेर्ने दार्शनिकिय फ्रमवर्क कै जरुरत गर्दछ । त्यस्तो उत्कृष्ट फ्रेमवर्क दिने दर्शन कुन होला? परम्परागत मार्क्सवाद र उदारवाद त वर्तमान विश्व समाजको गतिशिलतालाई पकड्ने त्यस्तो नविन फ्रेमवर्क दिन असफल भईसके । त्यसो भए त्यो नयाँ दर्शन कुन होला? कि, अवको विश्व समाज कथित व्यवहारवादीहरुले भने जस्तै कुनै दार्शनिक फ्रेमवर्क विना नै अगाडि वढ्न सक्छ त? असम्भव । यस सम्बन्धमा प्रा. फ्रान्सिस फुकुयामा आफ्नो पुस्तक “आईडेन्टटिटीः डिमाण्ड फर डिक्नीटी एण्ड पोलिटिक्स अफ रिजेन्टमेन्ट” मा लेख्दछन, “मानव जीवको उदि्वकासात्मक सफलतामा सैद्धान्तिकिकरण गर्न सक्ने क्षमता एक महत्वपूर्ण पक्ष हो । धेरै व्यवहारिक मानिसहरुले सिद्धान्त र सिद्धान्तिकरणलाई ठट्टाको रुपमा हेर्दछन । तर उनिहरु सधै अव्यक्त सिद्धान्तहरुमाथि निर्भर रहेर कार्य गर्दछन जुन उनिहरु केवल देख्न सक्दैनन ।”[x]

यसर्थ विश्वका राज्यविहिन राष्ट्रका सदस्यहरुले विगतमा आफ्नो राष्ट्रिय मुक्ति आकांक्षालाई सफल पार्नको निमित्त वैज्ञानिक दावि गरिएका उदारवाद र मार्क्सवादको आलोकमा भएका बुर्जुवा लोकतान्त्रिक क्रान्ति तथा समाजवादी

क्रान्तिहरुमा सहभागी जनाउने मात्र नभई मुख्य भूमिकामा रहेर लाखौंको संख्यामा जीवन आहुति समेत दिएकै हो । तर उदारवाद र मार्क्सवादले हामीहरुको राष्ट्रिय मुक्तिको उत्कट आकांक्षालाई उनिहरु विचको शक्ति संघर्षमा एकले अर्को विरुद्ध उपयोग मात्र गरि आयो । यसर्थ विश्व इतिहासको लामो कालखण्डसम्म हामी कहिले समान्ती माहाराजहरुको शक्ति विस्तार गर्न, त कहिले बुर्जुवा पूँजीपतीहरु वा कम्युनिष्ट शक्तिहरुको स्वर्थ पुर्तिको निमित्त उपयोग हुँदै आयौं । तर जब विश्व समाजको वस्तुगत धरातलिय गतिशिलतालाई उदारवाद र मार्क्सवादले देख्न वा बुझ्न सकेन, तब उनिहरुको वैचारिक राजकिय सत्तामाथि हाम्रो व्यवहारिक प्राकृति सत्ता हावी हुँदै गईरहेको छ । २१औं शताब्दीको प्रारम्भिक दशकमै विश्वका राज्यविहिन राष्ट्रहरुको व्यवहारिक प्राकृतिक सत्ताले धर्मशासित सामन्तवाद तथा उदारवाद र मार्क्सवादको वैचारिक राजकिय सत्तालाई विस्थापित गर्ने क्रमको सुरुवात भएको छ । तर यस वेला यदी हामीले अधिकार मुखी एनजिओ चेतना र आन्दोलनलाई माथ गर्दै राष्ट्रिय चेतना विकास गर्ने र आफ्नै विशिष्ट राष्ट्रत्वको जगमा राज्यत्वको दावा गर्दै राजकिय सत्ता दवदवा स्थापित गर्ने लक्ष्य हासिल गर्ने हो भने राष्ट्रिय चेतनाको विकास अनिवार्य हुन्छ । राष्ट्रिय चेतनाको विकासको निमित्त स्व-देशवाद (इन्डिजिनिजम) को विज्ञानबारा ज्ञादनोदय भएका राष्ट्रिय अग्रदस्ताहरुको "इन्लाइटेन्ट एजेन्ट्स"हरुद्वारा राज्यविहिन राष्ट्रहरु माझ राष्ट्रिय चेतनाको विकास गराउनु अनिवार्य हुन्छ किनकी प्राकृतिक रुपले राज्यविहिन राष्ट्रहरुका सदस्यहरुमा पनि कारखानाको मजदुरहरुमा जस्तै बुर्जूवा झुकाव हुन्छ । यसर्थ, हिजोका मजदुरहरुको समाजवादी क्रान्तिमा भए जस्तै आजका राज्यविहिन राष्ट्रहरुको राष्ट्रिय मुक्ति क्रान्तिको बेला पनि त्यो प्राकृतिक बुर्जुवा झुकावले इनर्सियाको काम गर्दछ र हामीहरु आफ्नै प्रयत्नबाट राष्ट्रिय चेतना विकास गर्न असमर्थ भई एनजिओ चेतनासम्म मात्र पुग्दछौं । जुन चेतनाले फगत किस्ताबन्दी लाभ प्राप्त गर्नको निमित्त मात्र औपनिवेशिक राज्यसंग संघर्ष गर्न उत्प्रेरित गर्दछ ।

(ड)

वार्ड चर्चिल आफ्नो पुस्तक "आइ एम इन्डिजिनिष्टः नोट्स अन द आइडियोलजी अफ फोर्थ वल्ड" मा लेख्छन,

"प्राय मेरो लेखहरु तथा प्रवचनहरुमा म आफुलाई विचारधारामा इन्डिजिनिष्ट भनि परिचित गराउँछु । यसमा मेरो मतलव होकी, म हुँ, जो स्व-देशी जनताको अधिकार मेरो राजनैतिक जीवनको उच्चतम महत्वको (विषय) रुपमा मात्र लिन्न बरु जो विश्वभरि स्व-देशी जनताहरुद्वारा हजारौं वर्षमा विकास गरेका परम्पराहरु- ज्ञान तथा संबन्धित मुल्यको संकेतहरु- माथि आकर्षित हुन्छ । यो आधार जुनमाथि म आलोचक मात्र हैन, तर वर्तमान सामाजिक, राजनैतिक, आर्थिक र दार्शनिक यथास्थतीको विकल्प परिकल्पना गर्दछु । बदलामा यसले मैले पछ्याउने खालको लक्ष्यहरु तथा उद्देश्यहरुलाई आकार दिने मात्र हैन मैले वकालत गर्ने रणनीति र कार्यनिति, मैले सहयोग गर्न चाहने संघर्षको प्रकारहरु, म प्रवेश गर्न चाहेको गठवन्धनहरु, तथा अन्यलाई आकार दिन्छ ।"

त्यसरी नै रोनाल्ड नाइजिन आफ्नो पुस्तक"ओरिजिन अफ इन्डिजिनिजम, ह्युमन राइट्स एण्ड द पलिटिक्स अफ आइडेन्टिटि" मा लेख्छन, "इन्डिजिनिजमले एक दृष्टिकोण (सहितको) समधान दिन्छ, कि कसरी वस्तुहरु रहदैं आयो प्राचिनकाल देखी भन्ने आधारमा कसरी वस्तुहरु रहनेछग र कसरी वस्तुहरु फेरी रहनु पर्दछ, यदि मानव जीवहरु र सम्भवतः ग्रह आफै अधिक निरन्तर रहनुछ भने ।"

(ढ)

नेपालको दशवर्षे जनयुद्धको वेला उपरोक्त वस्तुगत यथार्थलाई राष्ट्रिय मुक्ति मोर्चाहरु मार्फत शक्ति आर्जन गर्ने रणनीति तय गर्न पुगे, त्यो माओवादीको विभिन्न राष्ट्रियताहरुलाई लोभ्याउने वहाना मात्र थियो, जहाँ उनीहरु आश्वस्त बनाउँथे किग

"स्थानीय सत्ता हुँदै केन्द्रिय सत्तासम्म पुग्ने कुरा मात्र नभई (जातिय) मोर्चाले जातिहरुको आत्मनिर्णयको अधिकार अन्तर्गत स्वशासनको नीतिलाई पनि प्रत्यक्ष व्यवहारमा अभिव्यक्त गरेको हुनुपर्दछ किनभने जातिय स्वशासनको कुरा केन्द्रिय सत्ता कब्जा गरे पछि मात्र होइन अहिले देखि नै लागु गरेर जाने कुरा हो । त्यो मोर्चा मार्फत नै अभिव्यक्त गर्नु पर्दछ । यसकारणले कि त्यो नै सत्ताको बीज हो ।"

तर जब १२बुँदे सम्झौता गर्दै माओवादी शान्तिपूर्ण प्रक्रियामा अवतरण गरे, माओवादी यी सब वास्ता गर्न छोडे । अन्तरिम संविधान निर्माणसम्म पुग्दा त माथिको सबै स्थिति उल्टीसकेको थियो । यस बारे IWGIA, The Indigenous World (२००८) मा लेखिएको छ-

“दुःखदपूर्वक भन्न सकिन्छ कि नेपाली इतिहासको यो महत्वपूर्ण घडिमा माओवादी पार्टी तथा एमालेको राजनीतिक अभ्यासहरुले आदिवासी आन्दोलन कमजोर भएको छ । उदाहरणको रुपमा सरकार तथा नेपाल आदिवासी जनजाति महासंघ बीच अगस्त ६, २००७ मा भएको बीस बुँदे सम्झौतामा पूर्ण समानुपातिक प्रतिनिधित्व तथा आत्मनिर्णयको अधिकार सम्बन्धि आदिवासी मुद्दा छोडियो । आज झन, सरकार र संसदमा रहेका आदिवासी नेतृत्व वर्गले आदिवासी जनताहरुको मुद्दाहरुमा बलियो अडान लिइरहेका छैनन् । यसले आदिवासी जनताहरु बीच द्वन्द्व पैदा गर्छ र आन्दोलनलाई कमजोर पार्छ । यसको प्रमुख कारणहरु उनीहरु आवद्ध राजनीतिक पार्टीहरुको प्रभाव, व्यक्तिगत स्वार्थ तथा नेतृत्व वर्ग भित्रै अवधारणागत स्पष्टता र जवाफदेहिताको कमी हो ।”

उपरोक्त सबै तथ्यहरुले सर्वहारा अधिनायकत्व कायम रहेको कम्युनिष्ट समाजवादी व्यवस्थामा राष्ट्रियताहरुको स्वाधिनता अनुभूति हुने विषय भ्रम हुन र वास्तविकता अन्तै खोजी गर्नु पर्ने बाटो देखाउँछ । कम्यूनिष्टहरूमा रहेको ठूलो सैद्धान्तिक असंगतिले विश्वमा प्रतिक्रान्तिलाई मलजल गरेको छ । नेपाली कम्यूनिष्टहरू यस कुरामा अपबाद बन्न सकेन । क्रान्ति पश्चात उनीहरूमा ठूलो शक्तिको मात लाग्यो । क्रान्तिका नेतृत्वहरू मुख्यतः पढेलेखेका वुर्जुवा युवाहरू थिए जसले युद्धको दर्मियान दवित वुर्जुवा आकंक्षाहरूलाई उपलब्ध शक्तिको आडमा प्राप्त गर्ने दिशातिर अघि बढे । जसको निमित्त उनीहरू हिजो क्रान्तिको दर्मियान वर्ग दुश्मन भनि किटानी गरेका मानिसहरूसँगै निर्लज्जकासाथ सहकार्य गर्न थाले । यो विश्व सर्वहारा जनताहरूको नेतृत्व भनि दाबी गर्ने कम्यूनिष्टहरूको निर्लज्जताको महारोग हो । सामाजिक, आर्थिक र राजनीतिक रूपमा विश्वका कम्यूनिष्ट नेतृत्वहरू विश्वका कुनैपनि सामन्ति तथा सैन्य फासिष्ट तानाशाहहरू भन्दा कम रहेन । प्रा. स्यामूयल पी. हन्टिबटनले भने जस्तै कम्यूनिष्ट दर्शनहरू (मार्क्सबाद, लेनिनबाद, माओबाद)

धर्म पश्चात अधिनायकबादलाई जायज ठहऱ्याउने राजनीतिक सिद्धान्त बने । अन्ततः वर्तमान बोलिभियाली उपराष्ट्रपति तथा इण्डिजीनिज्मको व्यख्याता अल्वेरो गार्सिया लिनेराले भने जस्तै,

“हिजोका विद्रोहीहरू जसले, उनीहरूको विद्रोही भाषामा विषबमनबारा गरिब किसानहरूलाई दिभ्रमित पाऱ्यो आज आफै झिलिमिलि निजि कम्पनीहरू तथा गैरसरकारी संस्थाहरूको नियन्त्रणमा पाईने गर्दछ, जुन (निजि कम्पनीहरू तथा गैरसरकारी संस्थाहरू) पहिले (वर्गसंघर्ष) निमित्त आह्वान गरिएका उहि किसानहरूको बलिदानी ढाडहरू निरन्तर चढिरहेका छन... रूस, चीन, पोल्याण्ड, एलसाल्वडोर, निकारगुवा, कम्यूनिष्ट र समाजबादी पार्टीहरू, सशस्त्र र निशस्त्र “भेन्गार्डहरू” विना आत्मा आजकाल कतैपनि सामाजिक मुक्तिको कुनैपनि बहाव बनेको देखिदैनन् नत उनीहरू (जनताको) कुनै न्यायोचित तथा प्रष्ट असन्तुष्टि तर्फको प्रतिबद्धताको प्रतिचिन्ह बन्दछ, उनीहरू एक विशाल ऐतिहासिक लज्जालाई प्रतिविम्वित गर्दछ ।” (नेपाली राष्ट्रिय मुक्ति क्रान्तिको राजनीतिक कार्यदिशा)

(ण)

अहिले नेपालको सन्दर्भमा दुइटा विषय स्पष्ट तवरले उठान भएको पाउँदछौं । स्व-देशी समुदायको तर्फबाट पहिलेदेखि नै आत्मनिर्णयको अधिकार सहित राष्ट्रिय स्वायत्तताको विषय उठ्दै आए । उनीहरुले किन यस सवालसँग अधिक प्रेम गरे त? के मधेसी राष्ट्रियता पनि यस किसिमको सवालप्रति प्रतिबद्ध बन्न सक्ने स्थिति छैन? मधेसी राष्ट्रियताको विषय भन्दा पनि मधेसमा क्षेत्रीय स्वायत्तता प्रतिको मनोविज्ञान बलियो देखिने गरेको परिस्थिति विच स्व-देशी जनता भित्रको आ–आफ्नो राष्ट्रियता राष्ट्रिय उत्पीडनको केन्द्रीय विषय बनेको अनुभव हुनुले ती उत्पीडित समुहहरुको मनोविज्ञान अलगअलग देखिन्छ । मधेसको क्षेत्रीय स्वायत्तता प्रतिको आधार मधेसमा अनेकन जातजाति आ-आफ्नै चालचलन, रीतिथिति, बोली व्यवहार रहेको र मनोविज्ञान समेत उच्चनिचको हुनु हो, भनिन्छ । यस प्रकारले लामो समयदेखि व्यवहार चलाएका समाजको आमुल परिवर्तन कुन विधि र बाटोद्वारा सम्भव छ त? मधेसी राष्ट्रियताको जीवनको ठोस परिस्थितिको ठोस विश्लेषणको अभावमा स्वतन्त्र मधेसको नाराले फुट ल्याउनेछ र यहाँका पहाडिया शासकवर्गकै

निरन्तरताको रुपमा शासन गरिरहेका पहाडिया उच्च अहंकारवादी शासक जातिलाई त्यसको लाभ पुग्ने निश्चित छ । अर्को, मधेशलाई आधार बनाउँदै देशलाई नै विकल्प दिनको निमित्त कृयाशिल लोकतन्त्रिकसमाजवादी पार्टी नेपालको अगुवाईमा चल्ने राष्ट्रिय मुक्ति आन्दोलन जसको केन्द्रीय र निर्णायक विषय मधेसी राष्ट्र निर्माण र त्यसको जगमा राष्ट्रिय स्वायत्तता हुनग राजनीतिक रुपमा यो स्वायत्तताको विषय सामाजिक–साँस्कृतिक पक्षसँग मात्र सम्बन्धित छैन किनकी यस किसिमको स्वायत्तताले बहुलराष्ट्रिय लोकतन्त्रको प्रस्ताव अगाडि बढाउन जोड दिन्छ । राजनीतिक रुपमा यसले गहिरो अर्थ बोक्छ किनकी लोकतान्त्रिक समाजमा मात्र शान्ति मूर्तरुपमा प्रकट हुन्छ ।

(त)

राज्य अथवा देश बन्नुको भरपर्दो आधार भनौं अथवा वास्तविक आधार भनौं राष्ट्र रहेको बुझिन्छ । त्यसैले होला राष्ट्रको परिभाषा अन्तरगत साझा भाषा, साझा भूगोल, साझा जीवन पद्धति तथा त्यस मार्फत निर्मित साझा मनोविज्ञान समेटिएको हुन्छ । नेपाल राष्ट्र बनिसकेको स्थिति होइन, र यहाँ राष्ट्रियता निर्माणको आधार समेत फरक फरक रहेको छ । नेपाली राष्ट्रियताको निर्माण अंग्रेज-भारतसँगको लामो संघर्षमार्फत भए । यसमा मधेसी राष्ट्रियताको मनोविज्ञान अटेनन् न त अन्य राष्ट्रियताहरू जोडियो । केवल क्षेत्रीको र वाहुनको क्रमशः ढाल र चाल एक मनोविज्ञानको जन्म दियो । शुरुमा यसलाई गोर्खा राष्ट्र भन्दै आए । हिन्दु नेवार तथा मगर र गुरुङ सहित किरांती समेत आँशिक सहमत हुनपुगे पछि नेपाली राष्ट्रियता कहलिन थाले । यथार्थ के पनि हो भने गोर्खा रेजिमेन्टमा सहभागी हुने ती मार्सल रेसका राष्ट्रियताहरू जुन मंगोल मुलका ठानिन्थे, अन्ततः नेपाली राष्ट्रियतामा बल पूर्वक अनुबन्ध गराउने प्रयत्न भयो । लामो संघर्ष र जवर्जस्तको अन्तरघुलन विच निर्मित नेपाली राष्ट्रियताले पञ्चायत कालमा मलजल प्राप्त गरे जहाँ इतिहास, साहित्य, भाषा, संस्कृति, धर्म, चालचलन आदिको व्यापक विस्तार गरे । तसर्थ नेपाली राष्ट्रियताको मजबूतिकरण पञ्चायति व्यवस्थामा राजाको प्रत्यक्ष निर्देशनमा भएकोले आज पनि नेपाल गणतान्त्रिक राज्य हुँदा समेत औपनिवेशिक चरित्र कायमै रहेको छ ।

(थ)

प्राकृतिक नियम समाजमा पनि लागु हुने गरेको हुन्छ । हामी आध्यात्मवादी भएर समाजको व्याख्या गर्न नसके पश्चात प्रकृतिवादी (भौतिकवादी) हुन पुगेका हौं । आध्यात्मवादीले व्यक्तिको चित्तको व्याख्या गर्न बढी शक्ति लगाए जुन आफैंमा वस्तुगत भन्दा पनि आत्मगत विषय भएको मानिन्छ । दुईटै यी कित्ताको विद्वानहरु वास्तविकताको परिभाषा दिन खोजे तर अहिले पनि त्यसको टुङ्गो लागिसकेको स्थिति होइन । हामी प्राकृतिक नियमलाई बुझ्ने र त्यसको प्रयोग समाजमा गर्ने प्रक्रिया स्वरुप नै समाजलाई गतिशिल ठान्दछौं । गतिशिल समाजको अर्को पक्ष द्वन्द्वात्मकता हो । त्यसैले समाज विज्ञानमा उपरीसंरचना र आधासंरचनाको तर्क गर्दछौं । यी सामाजिक संरचनाहरु आपसमा अन्तरविरोधी र अन्तरसम्बन्धित पनि छन् । यसका आ-आफ्नो विशेषता र चरित्र छन् । तिनै विशिष्ट चरित्रको कारणले समाज गतिशिल भई आएको मानिन्छ । आमुल परिवर्तनका पक्षधरले यसका ऐतिहासिक पक्षको मिहिन ढंगले बुझाउने कोशिश गरेन भने सवालको प्रस्तुतिकरण सही ठहर नहुनसक्छ । यसै विषयलाई मनन गरेर आमुल परिर्वतनको लागि जरोदेखि नै काम गर्न चाहेको हो । तसर्थ हेगेलको मत अनुसार, “आफ्नो विकासक्रममा यथार्थताले आफूलाई आवश्यक सिद्ध गरिदिन्छ ।” अर्थात् सबचीज जुन यथार्थ छ, बुद्धिसंगत छ, सबचीज जुन बुद्धिसंगत छ, यथार्थ छ । तर हेगेलको मतानुसार नै यथार्थता कुनै पनि हालतमा कुनै अवस्थाविशेष– सामाजिक या राजनीतिक–को हर समय र हर परिस्थितिमा, विशेषता हुन सक्दैन । सबै लगातार घटित हुने सामाजिक व्यवस्थाहरु मानव समाजको निम्नावस्थाबाट उच्चावस्था तिर उठ्ने, अन्तहिन विकासक्रमका केवल अल्पकालिक चरणहरु मात्र हुन् । हर चरण आवश्यक हुन्छ, अतः जुन काल र जुन परिस्थितिहरुको कारणले त्यसको आविर्भाव(उत्पति) हुन्छ, तिनीहरुको लागि त्यो उचित हुन्छ । कुनै जमानामा साम्राज्यवाद फैलाउन केन्द्रिकृत र एकात्मक शासन व्यवस्था कायम गर्न पुगे तिनिहरुको लागि त्यही उचित थियो तर विज्ञान तथा प्रविधीको उच्च विकासले मानव चेतनामा ल्याएको तरंग र राजनीतिक नमूनामा आएको परिवर्तनको कारण साम्राज्यवादको चरित्रमा आमुल परिवर्तन हुन पुगेको छ । तथापी संघर्षको दर्शन राष्ट्रिय चेतनाले लैस भएर बुझ्ने बुझाउने कि सामाजिक(वर्ग) चेतना मार्फत, निरन्तर द्वन्द्वात्मकता चलिरहेकै छ । २१ औ शताब्दीमा राष्ट्रिय सवालको समाधान गर्नका खातिर नेपालको

सन्दर्भमा र खास गरी दक्षिण एसियाको सन्दर्भमा ग्राम स्वराजको मुल्य खोजी हुन थालेको हो भने त्यो राष्ट्रिय चेतनाको बलमा मात्र निष्कर्ष उन्मुख हुने देखिन्छ । यसको सैद्धान्तिकरण गर्न अथवा यसले निश्चित भूगोलका जनताहरुको विशिष्ट बडी पोलिटिक सम्बोधन गरी अन्तरविरोध हल गर्न सिकाउनेछ । माथि नै उल्लेख गरियो कि सन् २०१५ को संविधानद्वारा निधारित खेलको नियम भित्र परम्परागत राज्य सभ्रान्तहरुको नै एकल वर्चस्व कायम हुन पुगेकोले संघिय लोकतन्त्रिक गणतन्त्रमा स्वाभाविक रुपले सुनिस्चितता प्राप्त हुनु पर्ने ऐतिहासिक राज्यविहिन राष्ट्रहरुको आत्मनिर्णयको अधिकार असंभव हुन पुग्यो । त्यसकारण राजनैतिक क्रान्तिको निरन्तरता यसैमा आधारित भएर दिन सकिन्छ र राज्यको औपनिवेसिकताबाट मुक्ति खोजी रहेका जनताको लोकतान्त्रिक संघर्षलाई कसैले पृथकताको सवाल उठाउँछ भने पनि त्यसको विरोध गरिरहनु पर्ने अनिवार्यता हुन्न । यस सर्न्दभमा हार्वड विश्वविद्यालयका राजनीतिशास्त्री प्रा. ग्राहम इ. फुलरको भनाइ महत्वपूर्ण रहेको छ । उनि भन्छन,

“जुन राज्यहरू जसले आफ्ना जातिय अल्पसंख्यकहरूको, उनीहरूले विगतमा भोगेको पीडामा मलम लगाउने र भविष्यमा वृहत आत्मानिर्णयको अधिकार लिने दुबै चाहनाहरूलाई सन्तुष्ट हुने गरि व्यवस्थापन गर्न सक्दैन, ती ( राज्यहरू) टुक्रिने पक्का छ ।”

त्यसरी नै राजपा नेपालका अध्यक्ष मण्डलका सदस्य मा. राजेन्द्र महतो दावी गर्दछ कि, “यदी राज्यले आफ्नो विभेदकारी नीति नसच्चाउने हो भने एउटा सिके राउतलाई मिलाउँदैमा समस्या समाधान हुन्न । बरु राज्यको विभेदकारी नीतिले नै हिमाल पहाड मधेसमा हजारौं अन्य सिके राउतहरुलाई जन्माउने छ ।”

## ४. राष्ट्रिय मुक्ति क्रान्तिको तत्कालिक वस्तुगत आधारहरुः

सबैलाई थाहा भएकै कुरो हो गणतन्त्र र संघियताको स्टेकहोल्डर क्रमशः नेकपा(माओवादी) र मधेसी हुन् । तर लिम्बुवान स्वायत्तताको माग सहित लिम्बुवान मुक्ति मोर्चा लगायत संघीय लिम्बुवान राज्य परिषदको लामो

पहलकदमी हेर्दा लाग्दछ कि लिम्बुवानले समेत संघियताको स्टेकहोल्डर दावी गरे आपति मान्नुहुँदैन । थारु ल्गायतका स्व-देशी जनताहरु शुरुदेखि नै उठाएको सवाल भनेको आत्मनिर्णयको अधिकार र स्वशासन हो । संयुक्त राष्ट्रसंघका पूर्व महासचिव बुत्रोस बुत्रोस घालीको भनाई यस अर्थमा सान्दर्भिक देखिन्छ कि आधुनिक राज्यको लागि सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वतन्त्रताले जुन मुल्य बोकेको मानिन्छ कुनै राष्ट्र(जाति)को लागि आत्मनिर्णयको अधिकार उतिकै मुल्यवान हुन्छ । कसैले पनि एकअर्काको विरुद्ध यी सब प्रयोग गर्न उचित ठहर्दैन । तर राज्यले संघीय लोकतान्त्रिक गणतन्त्र अपनाएर पनि जातिको आत्मनिर्णयको अधिकार कुण्ठीत गर्न पुग्यो र त्यसलाई देशको सार्वभौमिकता, भौगोलिक अखण्डता तथा स्वतन्त्रताको निमित्त जाखिम ठानेको देखाउन पुगे । परिणामतः एकल जातीय पहाडिया ब्राह्मण उच्चसम्भ्रान्तकै दवदवा रहने परिस्थिति निर्माण हुन पुग्यो । व्यवहारिक तवरले राज्य संयन्त्रहरुको विश्लेषण मार्फत समेत यहि तथ्याङ्क पुष्टी गर्दैछ । यिनै कारणहरुले गर्दा गणतान्त्रिक नेपाल राज्यको औपनिवेशिक चरित्र अन्त्य नभएको निष्कर्ष सहित राष्ट्रिय मुक्ति आन्दोलन जारी छ । यसका विविध राजनीतिक आयामहरु छन्– पहिलो शासकीय सम्भ्रान्तहरु वीचको स्वार्थ टकराव, दोश्रो सिमान्तीकरण विरुद्धको अभियान, तेश्रो विगतका सम्झौताहरुले निर्माण गर्ने वैधताको सवाल र चौथो अन्तर्राष्ट्रिय शक्ति केन्द्रको दवाव ।

**(क) शासकीय सम्भ्रान्तहरु वीचको स्वार्थ टकरावः**

सन् २०१५ को संविधान जारी गर्ने बेलामा तथाकथित संवाद, सहमती र सहकार्यको नक्कली आवरणमा आफ्ना स्वार्थ रक्षार्थ एकमत देखिएका शासक सभ्रान्तहरुले संविधानको स्वागत तथा विजय उत्सवको दिप प्रज्वलन गरेको दृष्यलाई पराजित भनिएका वा बनाइएका राज्यविहिन राष्ट्रहरुले कदापी भुलेका छैनन । विजय उन्मादिको प्रारम्भिक चरण तत पश्चातको शासकिय सभ्रान्त विचको स्वार्थ टकराबले तोडियो । यस्तो लाग्दछ की शासक सभ्रान्तहरु यहाँका उत्पिडित राज्यविहिन राष्ट्रहरु माथी पूनः एकपटक सर्वकालिक विजय प्राप्त गरे जसरी फगत आ-आफ्नो स्वार्थ पूर्तिको निमित्त लोकतान्त्रिक प्रतिस्पर्धालाई सिमित बनाएको छ । यो खाले परिस्थिति कुनै पनि क्रान्ति पश्चात देखिने अल्पकालिक प्रतिक्रान्तिले जन्माउँदछ । तर यसखाले अल्पकालिक

प्रतिक्रान्तिको विचबाट नयाँ खालको भयङकर क्रान्ति जन्म हुन्छ । अवको त्यो क्रान्ति राष्ट्रिय मुक्ति क्रान्ति नै हो जसको एउटा प्रमुख वस्तुगत आधार शासकीय सम्भ्रान्तहरु वीच देखा परेको स्वार्थ टकराब नै हो र त्यसमा पनि प्रतिक्रान्तीको नेत्रित्व क्रान्तिकारी भनिएको कम्युनिष्टहरुद्वारा गर्दै रहेको अवस्थामा उनिहरुको दुई तिहाइ उनिहरु कै निमित्त पनि शक्ती नभएर संकट भयो । वास्तवमा राष्ट्रिय मुक्ति क्रान्ति सम्पन्न भए पछि मात्र नेपालको लोकतान्त्रिक क्रान्तिको चरण पूरा हुनेछ । जसले हालसम्म विभिन्न आन्दोलन र संघर्षहरुले शासकिय सभ्रान्तहरु माझ नै एकले अर्कोलाई निषेध गर्ने वा एउटा माथी अर्कोको स्वार्थ हावी हुने सभ्रान्तिय लुकामारी र छलकपटको अवस्थाबाट वास्तवमै गोर्खा साम्राज्यको औपनिवेसिकतालाई समाप्त पारी सत्ता परिवर्तन गराउनेछ जुन परिवर्तनले नयाँ खेलको नियम निर्धारण गर्ने छ । जहाँ हालसम्मका विजेता राज्य सभ्रान्तहरु विजेता रहने छैन र विजित राज्यविहिन राष्ट्रहरु पनि पूनः विजेता हुनेछ ।

**(ख) सीमान्तीकरण विरुद्धको अभियानः**

राष्ट्रिय मुक्ति क्रान्तिको तात्कालिक वस्तुगत आधारहरु मध्ये महत्वपूर्ण आधार राज्यविहिन राष्ट्रहरुद्वारा सामाजिक-सांस्कृतिक तहमा हिजोदेखी निरन्तर बढाउँदै आएको सीमान्तिरकण विरुद्धको अभियान हो । विश्वभरि नै लोकतन्त्रको एक प्रमुख मुल्य भ्रातृत्व तथा आत्मासम्मान गुमाउँन पुगेका राज्यविहिन राष्ट्रहरुले आधुनिक राज्य र ति राज्यधारी शासक सभ्रान्तहरु विरुद्ध आफ्नै मौलिक सांस्कृतिक मुल्य मान्यताको जगमा निरन्तर नरम प्रतिरोध गर्दै आएको छ । यो गर्दा उनिहरुले कुनै विश्वविद्यालबाट उत्पादित वा कुनै महान दार्शनिकद्वारा प्रतिपादित राजनैतिक दर्शन वा सिद्धान्तको आधारमा नभै हजारौं वर्षदेखी उनिहरु आफैद्वारा निर्मित मुल ज्ञान संस्कृतिको जगमा गर्दै आएको हो । उनिहरुको सांस्कृतिक पहिचानको अविछिन्नता नै उनिहरुको तागत हो । जसलाई आधुनिक राज्यको शासकिय नीतिले कहिलै स्वीकार गरेन र सधैंभर मेटाउन खोज्यो तथापी ति मेटिएनन । हाल आएर विश्वभरिका प्राकृतिक मानव समूहहरुको त्यो अविछिन्न ज्ञान र सत्ताले आफ्नै मौलिकता र तार्किकता सहित स्वयं उनीहरूको राष्ट्रिय मुक्ति लक्ष्य पछ्याउन मात्र हाईन विश्व मानव समाजले भोगी रहेका सम्पूर्ण खाले समस्याहरुको समाधानको रुपमा उदय भएको छ । यसर्थ हामीले पनि समाजको राजनैतिक तहमा

राजनैतिक दलहरुको संयुक्त मोर्चा निर्माण गरेर संघर्षलाई जोड दिई रहंदा समेत सामाजिक-सांस्कृतिक तहमा इतिहासदेखी नै हुँदै आएको सीमान्तीकरण विरुद्धको अभियानलाई थप विकास गर्दै निरन्तरता दिनु पर्दछ ।

**(ग) विगतका सम्झौताहरुले निर्माण गर्ने वैधताः**

नेपाली इतिहासमा भएका सम्पूर्ण जनक्रान्तिहरु भित्र यहाँका राज्यविहिन राष्ट्रहरुको राष्ट्रिय मुक्तिको आकांक्षा सुशुप्त रुपमा रहनु नै जनक्रान्तिहरु सफल हुनुको प्रमुख कारणहरु मध्ये एक थियो । तर जनक्रान्तिहरु सम्पन्न भए पश्चात राज्यधारीहरुले राज्यविहिन राष्ट्रहरुलाई पटक पटक धोका दिएको इतिहास छ । नेपालको दशवर्षे सशस्त्र युद्ध र तत् पश्चातको जनक्रान्तिको मेरुदण्ड राष्ट्रिय मुक्ति मोर्चाहरु थिए । शासकीय सम्भ्रान्तहरु वीच भएको १२ बुँदे दिल्ली सम्झौता, शान्ति सम्झौता र अन्तरिम संविधानको मस्यौदा गर्दा समेत पुनः राज्यविहिन राष्ट्रहरु माथि धोखा भयो । फलतः संघियता, गणतन्त्र र धर्मनिरपेक्षता सुनिश्चित गर्न मधेस, थरुहट, लिम्बुवान, खम्बुवान, ताम्सालिङ, खसान संघर्षहरु लगायत मुसलमान, दलित, महिला र पीछडावर्ग, आदिवासी जनजाति महासंघका आन्दोलनहरु भयो । त्यस बीच पहिलो मधेस विद्रोहमा पाँच दर्जन सपुतहरुको सहादात भयो । तात्कालिन मधेसी जनअधिकार फोरम र सरकार वीच २२बुँदे सम्झौता भई अन्तरिम संविधानको पहिलो संशोधन गर्दै संघात्मक राज्यव्यवस्थामा देश जाने सुनिश्चित गरिए । त्यस पश्चात संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चाको आन्दोलन चल्यो । यि आन्दोलनहरुमा मधेशमा दुई दर्जन र लिम्बुवानमा दुई जना सपुतहरुले सहादात प्राप्त गरे । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँग ८बुँदे तथा संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चामा आवद्ध संघीय लिम्बुवान राज्य परिषद, संयुक्त थारु राष्ट्रिय मोर्चा, तामाङसालिङ स्वायत्त राज्य परिषद, दलित जनजाति पार्टीसँग ५बुँदे सहमति भएको थियो । त्यसरी नै संघिय लिम्बुवान राज्य परिषदसँग पनि छुट्टै सम्झौता भयो जहाँ संविधान सभाबाट, मधेस, थरुहट, लिम्बुवान, खम्बुवान, तामाङसालिङ राज्यहरु पहिचान सहित स्वायत्त रहने भनी सम्झौताको आसय थियो । पीछडावर्ग महासंघ र सरकार वीच भएको अर्को सम्झौता अनुसार पीडछावर्गको परिभाषा गर्ने र नेपालमा पीछडावर्गको विकास गर्न सरकारी आयोगको स्थापना गर्न सरकार तयार देखियो । त्यस्तै नेपाल आदिवासी जनजाती महासंघसँग भएको पटक

पटकको सम्झौताहरुमा पनि स्वायत्त र आत्मानिर्णयको अधिकार शुनिस्चित गर्ने भनियो । संविधान सभाको निर्वाचन पश्चात जब प्रचण्ड नेतृत्वको सरकारले मधेसी पहिचान अन्तरगत ९२ जाति सुचीकृत गर्ने अध्यादेश ल्याउने तयारी गरे, त्यसको जवाफमा थारु लगायतका अन्य जाति तथा समुदाय अलग पहिचानको दावी सहित आन्दोलन गरेको थियो । सोही आन्दोलनमा ५ जना थारु सशस्त्र प्रहरीको शिकार भई सहादात प्राप्त गरे । अन्ततः नेपाल सरकार र थारु आन्दोलनकारी लगायत आदिवासी जनजाति महासंघ बीच अर्को ६ बुँदे सम्झौता भयो । तर अन्तरिम संविधानको अनुसुचीमा सुचिकृत यि सबै सम्झौताहरुलाई संविधान निर्माणको वखत राज्य पक्षबद्वारा रद्दीको टोकरी फ्याँकियो र राज्यधारी सम्भ्रान्तको स्वार्थ रक्षा हुने संविधान बल पूर्वक जारी गरियो । राज्य पक्षले हिजोका सहमती र सम्झौताहरुको पूनरावलोकन गर्ने भन्दै वार्ता समिती गठन गऱ्यो र सबै पक्षसँग वार्ताको नाटक मन्चन पनि गरियो । उनीहरू संविधान संशोधन गरेर पनि विगतका सम्झौताहरु सम्बोधन गर्न सकिन्छ कि भन्ने संकेत गर्दैछ तर अब संविधान संशोधन गरे पनि यो प्रतिगामी चरित्रकै संविधान हुने तर्कसँग सहमत बन्दै राष्ट्रिय मुक्ति आन्दोलन बहुल राष्ट्रिय मोर्चाको पहलमा एकाकार बन्ने प्रक्रियातिर लम्किदै छ । यसरी बहुल राष्ट्रिय मोर्चाको पहलसँगै राष्ट्रिय मुक्ति आन्दोलन नयाँ गति लिने सम्भवना प्रष्टै देखिन्छ जुन आन्दोलनलाई हिजोका सहमती र सम्झौताहरुले वैधता दिनेछ ।

### (घ) अन्तर्राष्ट्रिय शक्तिको दवावः

राष्ट्रिय मुक्ति आन्दोलनलाई राज्यको मिडिया क्षेत्रबाट जतिसुकै अपराधिकरण गर्न प्रयास गरे पनि आखिर राज्य पक्ष वेईमान हुन भन्ने मान्यता सहि बन्न पुग्यो । राज्यको असहिष्णु चरित्रले लोकतान्त्रिक प्रणालीमा समेत वाधा पुगेको कारण युरोपीयन युनियन लगायत छिमेकी मुलुकको तर्फबाट नेपाल प्रतिको धारणा समय समयमा आउने गरेको हो । शुशुप्त अवस्थामा रहेको राष्ट्रिय मुक्ति आन्दोलन हाल देशको भूराजनीतिक दाऊपेंचबाट उत्पन्न परिस्थितिको बीच कुटनीतिक तथा राजनीतिक लगायत आर्थिक तथा भौतिक तयारी पुरा गर्न सके विगतका कमिकमजोरी हटाउन सकिने विश्वास लिन सकिन्छ । यो राज्यलाई सीमान्तीकरणमा पारिएका जन समुहहरुले सहमति दिई सकिएको अवस्था होइन । सीमान्तीकरणमा पारिएका राष्ट्रियता हाल समृद्ध नेपाल–सुखी

नेपालीको पक्षमा उभिएको भ्रम पाल्नु हुँदैन । राष्ट्रिय मुक्ति आन्दोलन वियोण्ड रेपरेसन्स (सुविधा प्राप्ती भन्दा पर) तिर केन्द्रित हुँदै गरेको कारण स्वशासन र आत्मनिर्णयको अधिकार यो आन्दोलनसँग जोडिएको छ । यो विषयमा अन्तर्राष्ट्रिय शक्ति केन्द्रलाई प्रष्ट बुझाउनु जरुरी छ र उदारलोकतन्त्रको अप्रयाप्ततालाई पुरा गर्न नै राष्ट्रिय मुक्ति आन्दोलनको कार्यभार हो भन्ने मान्यता विकास गराउन सक्नुपर्छ । यसबारे थुप्रै राजनीतिक दृष्टीकोण साहित्यमा आइसके । मात्र ती सबै अध्ययन गर्दै स्थानिय परिवेशमा मौलिक अवधारणा विकास गर्नु परेको छ । राष्ट्रिय मुक्ति आन्दोलन शक्ति केन्द्रहरुको स्वार्थ र राज्यको संवेदनशिल पक्षहरु समेत बुझ्दै अगाडि बढ्न सक्छ तर फेरि पनि सम्बन्ध तिनीहरुसँग रणनीतिक नै हुनु जरुरी छ ।

## ५. अबको बाटोः

अबको बाटो सम्बन्धमा नयाँ संविधान सन् २०१५ जारी भए पश्चात विकास भएको नयाँ राजनैतिक ध्रुविकरणको आधारमा प्रमुख राजनैतिक शक्तिहरुको फरक फरक उद्देश्य रहेको छ ।

पहिलो, नेपाली कांग्रेस उग्र दक्षिणपन्थी शक्तिको रुपमा देखिएको छ । यो पार्टीको केही समय पहिले भएको महासमिती (प्लेनम) बैठकमा संवैधानिक राजतन्त्र सहितको हिन्दु राज्यको पक्षमा राम्रै मत व्यक्त भएको थियो । यद्दपी पार्टीले अहिले नै औपचारिक रुपमा त्यो धारलाई अनुमोदन गरेको देखिन्न । तर काँग्रेस नेतृत्वहरुको व्यक्त-अव्यक्त भनाईहरुबाट के प्रष्ट भएको छ भने काँग्रेसको आगामी बाटो भनेको हिन्दु राज्य र संवैधानिक राजतन्त्र स्थापित गर्ने दक्षिणपन्थी लाइन नै हो । तर यो बाटोमा घोषित रुपमै हिड्ने निर्णय गर्न कांग्रेस डराइ रहेको छ । किनकी यदि मुलुकले यो बाटो समात्ने हो भने हालसम्मको लोकतान्त्रिकरण प्रकृयालाई पुरै उल्टाउनु पर्ने हुन्छ । यसर्थ कार्यनीतिक रुपमा कांग्रेसले संघियता, गणतन्त्र, धर्मपेक्षता भनेता पनि रणनीतिक रुपमा हिन्दु राज्य र संवैधानिक राजतन्त्र स्थापना गर्ने माहोल निर्माण गर्न लागेको प्रष्टै देखिन्छ । यस हिसावले हेर्दा नेपाली कांग्रेसको नीति ऐतिहासिक कालदेखी राज्यविहिन बनाएका राष्ट्रले मुक्ति पाउने लोकतान्त्रिक क्रान्तिको प्रमुख बाधक तत्व भएर उभिएको छ ।

दोश्रो, नेपाल कम्युनिष्ट पार्टी दावी गर्दछ की अब नेपालमा पूँजिवादी लोकतान्त्रिक क्रान्तिको कार्यभार पुरा भई सकेको छ यसर्थ अबको बाटो भनेको आर्थिक क्रान्तिको जगमा समाजवादी क्रान्तिको आधार निर्माण गर्ने हो । तर, यो कुनै पनि हिसावबाट राजनैतिक कार्यक्रम नै हैन । बरु, यो सैद्धान्तिक रुपमा सारसंग्रहवाद हो भने राजनैतिक रुपमा अवसरवाद हो । यसर्थ उनिहरुले जुन बेला जे भन्दा र गर्दा आफु र आफ्ना आसेपासेहरुलाई सत्ता लाभ भई रहन्छ, त्यही भन्दै र गर्दै हिड्छन । उनिहरुको मुखबाट समाजवादको उच्चारण त बारम्बार हुन्छ र हुनेछ तर असली रुपमा यिनीहरु छद्म भेषी नवउदारवादी हुन । जसको लक्ष्य राज्यको साधन श्रोतको अनैतिक दोहन गर्दै आफ्ना आसेपासेहरुलाई पोस्नु हो । यो धारले मुलुकलाई कुनै ठोस दिशा दिन सक्दैन । बरु नयाँखाले द्वन्द्व तर्फ लैजाँदै छ । जसै राष्ट्रिय मुक्ति क्रान्तिको ज्वारभाटा उठ्नेछ, त्यस वेला नेकपा भित्रको प्रगतीशिल पक्ष क्रान्तिको लाइनमा समाहित हुनेछ भने दक्षिणपन्थी अवसरवादी पक्ष काँग्रेसले नेतृत्व गरेको उग्रदक्षिणवन्थी धारसंग गठजोड गर्न पुग्नेछ ।

तेश्रो, नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी), नेपाल कम्युनिष्ट पार्टी ( विप्लप समूह) जस्ता उग्रवामपन्थी शक्तिहरु जसले असफल तथा असान्दर्भिक भईसकेको दिर्घकालिन जनयुद्धको बाटोबाट वैज्ञानिक समाजवाद वा साम्यवादमा पुग्ने लक्ष्य लिएको भनि आएका छन् तर वास्तविकतामा नेकपा ( माओवादी क्रान्तिकारी) ठूलो निष्कृयता र अकर्मण्यतामा फस्दै गएको छ । जसले अन्ततः यो पार्टी विलयकरणमा पुग्ने सुनिस्चित छ । त्यसरी नै अर्को नेकपा (विप्लप समूह)ले एकिकृत क्रान्तिको बाटो भन्दै तल्लो स्तरको आतंककारी गतिविधीको माध्ययमबाट आफ्नो मोलतोल क्षमता बढाउने जुन अति निम्न पूजीवादी चरित्र प्रदर्शन गरि रहेको छ, यो बाटोबाट अन्ततः यो समूह पुरै दक्षिणपन्थी भासमा पुगेर समाप्त हुनेछ । यस बाहेक कम्युनिष्ट कित्तामा बाँकी रहेका अन्य सानातिना गुटहरु अब राजनीतिमा आफ्नो उपस्थिती जनाइ राख्न सक्ने छैन ।

चौथो, यो बाटो भनेको राष्ट्रिय मुक्ति क्रान्तिको हो र यो नै अबको असली परिवर्तनकारी, प्रगतिशिल, क्रान्तिकारी शक्ति हो । जुन शक्तिको तत्काल कम्युनिष्टहरुसंग घनिभुत अर्न्तसंघर्ष हुनेछ तर दिर्घकालमा दक्षिणपन्थी

शक्तिहरुसंग नै अर्न्तसंघर्ष चल्नेछ । जब राष्ट्रिय मुक्ति क्रान्ति उत्सर्गमा पुग्नेछ तब, गोर्खा साम्राज्यका नायक पृथ्वीनारायण, जंगबहादुर र महेन्द्र शाहको विरासत धान्ने उत्तराधिकारी दावी गरिरहेका दक्षिणपन्थी शक्ति जसको नेतृत्व नेपाली काँग्रेस र नेकपाले गर्दैछ, यो शक्ति र गोर्खा साम्राज्य विस्तारको बखत आफ्नो जनतात्व तथा सार्वभौमिकता गुमाउन पुगेका राज्यविहिन राष्ट्रहरुबारा निर्मित शक्तिको विच सिधै टकराव हुनेछ । त्यस बेला छद्मभेषी कम्युनिष्ट अवसरवादी शक्ति र उग्रदक्षिणपन्थी शक्ति नेपाली काँग्रेस भित्र ठूलो हलचल आउनेछ र उत्पिडित राष्ट्रियताको पहिचान भएका नेता कार्यकर्ताहरुले राष्ट्रिय मुक्ति क्रान्तिलाई समर्थन गर्नेछ भने हिन्दु उच्च जात(वर्ण)बाट आएका केही उनुदार नेता कार्यकर्ताहरु दक्षिणपन्थी कित्तामा ध्रुविकृत हुनेछ । तर यसको लागि राष्ट्रिय मुक्ति क्रान्ति पक्षधरहरु वर्तमानको मुद्धामा आधारित एनजिओ आन्दोलनको बाटोबाट विकसित हुँदै क्रान्तिकारी राजनैतिक शक्तिको रुपमा आउन अनिवार्य हुन्छ । यस्तो राष्ट्रिय चेतना विकास भएको राजनैतिक शक्तिले मात्र राज्यको औपनिवेसिक चरित्रलाई पुरै ध्वंस गरि नेपाललाई एक बहुलराष्ट्रिय राज्यको रुपमा पूर्नसंरचना गर्नेछ । जहाँ प्रथम चोटी सम्पूर्ण राज्यविहिन राष्ट्रहरुले राज्यत्वमा बरावरीको अंश प्राप्त गर्नेछ । यसको लागी हामीले प्रष्ट विचार, सक्षम नेतृत्व, व्यवहारिक योजना र निर्दिष्ट लक्ष्य किटान गर्न सक्नु पर्दछ । यस सवालमा हामीले विश्वका अन्यत्र भएका क्रान्तिहरुबाट सिक्नु पर्दछ । जस्तै, राष्ट्रिय मुक्ति आन्दोलनको लक्ष्य किटान गर्दै डायना बेञ्चसप लेख्छिन् कि, यसका मुख्य दुई लक्ष्य हुने गर्दछ– (१) नयाँ वैधताका आधार निर्माण गर्नु र (२) “हामी” पहिचान गर्नु जसले नयाँ राष्ट्रिय ईकाइ गठन गर्नेछन् । तसर्थ नेपालको सन्दर्भमा उपरोक्त लक्ष्य प्राप्तीका खातिर राष्ट्रिय मुक्ति आन्दोलन सफल भयो कि भएन समीक्षाकै विषय हो तर ‘जागो मधेसी–मागो मधेस’ भन्ने कार्यनीतिक नारामा मधेसीहरु गोलबन्द हुँदै करिब पाँच महिना नाकाबन्दी गर्न सकेको घटनाक्रमले देखायो । पहाडिया उच्च ब्राह्मण अहंकारवादी सम्भ्रान्त शासकवर्गको आन्तरिक उपनिवेशको चर्को मार मधेसीले निरन्तर खेप्नुपरिरहेको विषयले उपरोक्त नारा कर्णप्रीय बने । राष्ट्रिय मुक्ति आन्दोलन यस अर्थमा निरन्तर अभियानको जगमा सशक्त बन्ने गरेको हुन्छ । त्यसैले राष्ट्रिय मुक्ति आन्दोलनको कार्यदिशा पनि अभियानमा निरन्तरता, संघर्षमा जोड र विद्रोहको तयारी किटान गर्दै त्रिआ मार्ग अबलम्बन गर्नुपर्‍यो । अर्को ध्यान दिनु पर्ने पक्ष भनेको शक्ति निर्माणको लागि

सोसल इन्जिनियरिङ हो । अहिलेसम्म इन्डिजिनिष्ट धारमा शक्ति निर्माणको पहल लामो समयदेखि गरि आएता पनि किन सफल हुन सकेनौं भन्ने प्रश्न छ । यो प्रश्नको हल खोज्ने प्रयत्नले नै अबको बाटो तय गर्छ ।

बहुल राष्ट्रिय मोर्चा त्यसखाले राष्ट्रियताहरुको मोर्चालाई संगठीत बनाउँदै स्व-देशी र स्थानीयजनताको वैकल्पिक सत्ताको पुनःउत्थान, पुनर्ताजगी तथा पुनःसमायोजन गरेर पुरानो अवैध सत्ताको विरुद्ध संघर्षलाई जोड दिने काम गर्छ । यसकारणले संयुक्त मोर्चा वाहिरी मोर्चाको रुपमा काम अगाडि बढाउनु पर्ने देखिन्छ । दोश्रो, चरणवद्ध संघर्षको वीचबाट वैकल्पिक शक्ति तयार गर्न सक्नुपर्छ किनकी तिनै वैकल्पिक शक्तिले विद्रोहको तयारी संघर्षहरुको जगमा गर्ने हो । विचार, योजना तथा बुझाई मिल्ने शक्तिहरुसँग एकता गर्ने र अन्यसँग तत्काल मोर्चाबन्दी गरेर वैकल्पिक शक्ति निर्माणको भ्रुण धारण गराई राखे एक विकसित आधार तयार भई विद्रोह सम्पन्न गर्न शक्तिले स्वभाविक आकार लिन्छ । त्यहि नै सत्ता सञ्चालनको नियन्त्रण र निर्देश गर्ने काम गर्छ । अहिले हाम्रो लागि विचारणीय पक्ष के हो भने राष्ट्रिय मुक्ति आन्दोलनको विविध आयामहरु बारे संयुक्त मोर्चा आफ्नो धारणा कसरी तयार पार्छ ताकि संघर्ष मार्फत यसले वैकल्पिक शक्तिको एक विकासित आधार तयार गरोस् । किनकी संयुक्त मोर्चाले नै अबको वैकल्पिक शक्तिको स्टेकहोल्डर बन्नुपर्छ र बाँकी छरिएर रहेका शक्तिहरुलाई एक संगठीत शक्तिको आकार दिन पहल लिन्छ यद्यपी अहिले विविध पक्षबाट समेत प्रयत्न जारी रहेको पाउँदछौं ।

अस्तु
चन्द्रनारायण थारू (सि.एन.) तथा रामकुमार तामाङ (आर.के.)को सहयोगमा
मार्च २७, २०१९

---

[i] In this modern world, local politics will be politics of ethnicity. Global politics will be politics of civilizations. Rivalry between superpowers will be replaced by the clash of civilizations (Huntington, 1996)

[ii]In this modern world, local politics will be politics of ethnicity. Global politics will be politics of civilizations. Rivalry between superpowers will be replaced by the clash of civilizations (Huntington, 1996)

[iii]THE NEXT PATTERN OF CONFLICT
World politics is entering a new phase, and intellectuals have not hesitated to proliferate visions of what it will be-the end of history, the return of traditional rivalries between nation states, and the decline of the nation state from the conflicting pulls of tribalism and globalism, among others. Each of these visions catches aspects of the emerging reality. Yet they all miss a crucial, indeed a central, aspect of what global politics is likely to be in the coming years.

It is my hypothesis that the fundamental source of conflict in this new world will not be primarily ideological or primarily economic. The great divisions among humankind and the dominating source of conflict will be cultural. Nation states will remain the most powerful actors in world affairs, but the principal conflicts of global politics will occur between nations and groups of different civilizations. The clash of civilizations will dominate global politics. The fault lines between civilizations will be the battle lines of the future.

[iv]https://ujyaaloonline.com/story/17504

[v]Ethnic outbidding is when politicians compete for the support of a particular ethnic group, leading to ever greater demands to protect that group at the expense of others. This competitive position-taking is like an auction where the politicians think that the way to win is to be ever more extreme in the defense of one group. (http://saideman.blogspot.com/2015/12/why-do-we-care-about-ethnic-outbidding.html).

[vi] Defining "Radical Indigenism" and Creating an American Indian Scholarship, 2005.

[vii]https://setopati.com/opinion/177175?fbclid=IwAR2lth351o_ctK3zWYzhIZOGak5dS4oXEJJkf5aPyP- PtiQpwzW6SDyXvAc

[viii] Fuller, "Redrawing the World's Borders."

[ix] https://www.foreignaffairs.com/articles/1996-11-01/west-unique-not-universal

[x]The ability to theorize is an important factor in the evolutionary success of the human species. Many practical people scorn theories and theorizing, but they act all the time upon unarticulated theories that they simply fail to acknowledge.

अब के गर्ने?

राष्ट्रिय मुक्ति आन्दोलनको
जल्दोबल्दो सवाल